**जाडो मौसममा चीसोबाट बचौं**
> जाडोबाट बच्न बाक्लो तथा न्यानो कपडा लगाऔं,
> तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
> घर तथा कोठा न्यानो बनाऔं,
> बालबालिका तथा वृद्धवृद्धालाई तेल मालिस गरिदिऔं,
> बढी चीसोमा मर्निङवाक नगरौं,
> दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
# प्रतीक
दैनिक
राष्ट्रिय 'क' वर्ग
eprateekdaily.com




निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ मङ्सिर २२ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 December 07 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९९

## अवैधरूपमा भण्डारण गरिएको ढुङ्गा जफत गर्ने निर्णय

प्रस, निजगढ, २१ मङ्सिर/

बकैया खोलाबाट अवैधरूपमा ढुङ्गा निकाली निजगढ नगरपालिका–४ कछडियाबस्ती आसपास थुपारिएको ढुङ्गा जफत गर्ने निर्णय निजगढ नगरपालिकाले आलटाल गर्दै आएको आरोप लागेको थियो । अवैध रूपमा थुपारिएको ठूलो परिमाणको ढुङ्गालाई नदीजन्य पदार्थ सकार गर्ने ठेकेदार कम्पनी जय गणेश सप्लायर्सको कुल ठेक्का परिमाणबाट

जिल्ला समन्वय समिति, बाराका प्रमुख नरेन्द्रकुमार साहको संयोजकत्वमा मङ्सिर १३ गते बिहीवार बसेको बैठकले अवैधरूपमा भण्डारण गरिएको ढुङ्गा, बोल्डर जस्ता नदीजन्य पदार्थको परिमाण





गरेको जनाएको छ ।

निजगढ नगर कार्यपालिकाको शुक्रवार बसेको बैठकले अवैधरूपमा थुपारिएको नदीजन्य पदार्थ ढुङ्गालाई जफत गरी यकीन परिमाण निकाली ठेक्का लगाउने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत अजय बर्तौलाले बताए । अवैधरूपमा थुपारिएको ढुङ्गा हराउन सक्ने र गिरोहले अन्यत्र लगी लुकाउन सक्ने अवस्थालाई मध्यनजर गर्दै स्थानीय सुरक्षा निकाय इलाका प्रहरी कार्यालय निजगढ, सशस्त्र प्रहरी बल नेपाल विपत् व्यवस्थापन सुरक्षा बेस निजगढ र जिल्ला ट्राफिक प्रहरी कार्यालय निजगढ बारालाई पत्राचार गरिएको उनले जानकारी गराएका छन् ।

स्थानीयहरूलाई उस्काउँदै तस्कर गिरोहले दुई करोडभन्दा बढी मूल्यको सात हजार ट्याक्टर भन्दा बढी अवैध ढुङ्गा थुपारी अवैध धन्दा चलाउँदै आइरहेको समाचार प्रतीक दैनिकमा प्रकाशित हुँदै आएपछि निजगढ नगर कार्यपालिकालाई सो ढुङ्गालाई जफत गरी ठेक्का लगाउने निर्णय गर्न कानूनी र नैतिक दबाब परेको थियो ।

उक्त ढुङ्गाको तिहार अघि निजगढ नगरपालिकाले प्राविधिक टोली खटाइ नापजाँच गरी परिमाण निकालेको थियो । परिमाण निकालेको एक महीना बित्न लाग्दासम्म ढुङ्गालाई कानूनी दायरामा ल्याउन निजगढ नगरप्रमुख सुरथ पुरी, प्रमुख प्रशासकीय अधिकृत अजय बर्तौलाले घटाइ मिलान हुनेगरी निकासी गर्न दिने नगरप्रमुख पुरी र प्रमुख प्रशासकीय अधिकृत बर्तौलाको कानूनी मापदण्डविपरीत अवैध योजना रहे पनि अन्ततः विफल भएको छ ।

ढुङ्गा, गिट्टी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७ को बुँदा नं ७ मा उत्खनन वा सङ्कलनको परिमाण नियन्त्रणको दफा नं (५)मा गाउँपालिका वा नगरपालिकाले ठेक्का अन्तर्गत आर्थिक वर्षको अन्त्यमा नदी किनारा तथा वन क्षेत्रमा भण्डारण गरी राखिएको नदीजन्य पदार्थ जफत गरी लिलाम बिक्री गर्ने व्यवस्था स्थानीय पालिकालाई दिएको छ । त्यसैगरी, निजगढ नगर कार्यपालिकाको बहुमत सदस्यले पास गरेको निजगढ नगरपालिकाका नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा, माटो) उत्खनन, सङ्कलन र बिक्री वितरणसम्बन्धी कार्यविधि–२०७९ को बुदा नं ८ मा उत्खनन वा सङ्कलनको परिमाण नियन्त्रणको दफा नं (ग)मा नदी किनारा, वन क्षेत्र, सार्वजनिक स्थान वा निजी जग्गालगायतका कुनै पनि ठाउँमा भण्डारण गरी राखिएको अवैध नदीजन्य पदार्थ नगरपालिकाले जफत गरी लिलाम बिक्रीको व्यवस्था गर्ने भनिए पनि एक महीना बितिसक्दा पनि ती ढुङ्गा जफत गर्न ढिलाइ गरिएको थियो र यसमा नगरप्रमुख पुरी र प्रप्रअ बर्तौलाको संलग्नताको आरोप थियो ।

यकीन गरी नियम अनुसार ठेक्का लगाउन निजगढ नगरपालिकालाई गत आइतवार निर्देशानात्मक पत्राचार गरे पनि निजगढ नपाले ढिलाइ गर्दै आइरहेको थियो ।

करोडौं मूल्यका ढुङ्गा जफत गर्न नपर्ने कुनै कानूनी ठाउँ छ कि भन्दै नगरप्रमुख पुरी र प्रमुख प्रशासकीय अधिकृत बर्तौलाले भरपूर प्रयास गरेको देखिएको छ । अधिकांश नगर कार्यपालिका सदस्यहरूले ऐन, कानून, मापदण्डविपरीत जान सक्ने कुनै आधार नभएको दरिलो प्रमाण पेश गर्दै आवाज उठाएपछि अन्ततः केही सीप नलागेपछि जफत गर्न र ठेक्का लगाउन नगरप्रमुख पुरी र प्रप्रअ बर्तौला विवश भएको नपा स्रोतले जनाएको छ । निजगढ नपाले ढुङ्गा जफत गरी लिलाम नगर्दा दुई सय टिपरभन्दा बढी ढुङ्गा गिरोहले नगरपालिकाको संरक्षणमा वैध बनाउँदै निकासी गरिसकेको स्रोतले जनाएको छ ।

यही मङ्सिर ७ गते जिसस बारा प्रमुख साह, प्रजिअ वसन्त अधिकारी, डिभिजनल वन अधिकृत राजीवकुमार झा, जिप्रका बाराका प्रउ महेन्द्र खड्का, सप्रउ सन्तोषबहादुर सिंह, जिल्ला समन्वय अधिकारी आमेद चौधरीलगायतको टोलीले अवैधरूपमा ढुङ्गा थुपारिएको स्थान र क्रसर उद्योगको निरीक्षण गरेपछि जिल्ला अनुगमन तथा समन्वय समितिको बैठकले थुपारिएको सो ढुङ्गा नियमानुसार जफत गर्न निर्णय गरी निजगढ नपालाई पत्राचार गरेको थियो ।

## 'निधि' पुस्तकको लोकार्पण

प्रस, परवानीपुर, २१ मङ्सिर/

नेपाली काङ्ग्रेसका पूर्वमहामन्त्री महेन्द्रनारायण निधिको सङ्घर्षमय जीवनीमा आधारित पत्रकार किशोर




नेपालद्वारा लिखित 'निधि' नामक पुस्तकको शुक्रवार वीरगंजमा लोकार्पण गरिएको छ । नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री रमेश रिजालले नेका, पर्साको सभाहलमा आयोजित कार्यक्रममा सो पुस्तकको लोकार्पण गरेका थिए । सो अवसरमा नेता रिजालले स्व महेन्द्रनारायण निधि मधेसका नेता भएपनि सम्पूर्ण नेपाली जनताको मनमा स्थान बनाएको बताए ।

स्व निधि सम्पन्न परिवारमा जन्मे पनि सुखसुविधा त्याग गरी नेपालको प्रजातान्त्रिक आन्दोलनमा होमिएको बताए । नेपाली जनतालाई अधिकार दिलाउन आफ्नो जीवनकाल अर्पण गरेका निधिले महात्मा गाँधीको मार्गमा हिंडेर नेपालमा प्रजातन्त्र ल्याउन ठूलो भूमिका खेलेको चर्चा गरे । निधिले देखेको सपना जस्तो नेपाल बनोस् तर हामी सो कार्यमा असफल भएको उनले बताए । आगामी दिनमा निधिले देखिएको बाटोमा अगाडि बढेर देश समृद्ध गर्न सकिनेमा आफू विश्वस्त रहेको उनले बताए ।

नेका पर्साका उपसभापति रामनारायण कुर्मीले स्व निधिको जीवनीबारे पत्रकार नेपालले लेखेको पुस्तक यही मङ्सिर ५ गते राष्ट्रपति रामचन्द्र पौडेलले लोकार्पण गरेको र अहिले पर्सामा सोको लोकार्पण गरिएकोमा खुशी व्यक्त गरे । उनले लेखक नेपालले पुस्तक लेखनमा मेहनत गरेको र अहिलेका पुस्ताले स्व निधिको जीवनीबारेमा पुस्तकको माध्यमबाट धेरै कुरा जान्न, बुझ्न र सिक्न सक्ने बताए ।

पुस्तक लेखक पत्रकार नेपालले बहुआयामिक व्यक्तित्व निधिले नेपालमा लोकतन्त्र स्थापना, पुनर्स्थापना तथा सामाजिक, सांस्कृतिक जागरण जगाउन गरेका कार्यबारे जान्न र बुझ्न चाहनेका लागि आफूले लेखेको यो पुस्तक सङ्ग्रहणीय हुने बताए ।

कार्यक्रममा पत्रकार चन्द्रकिशोर झा, जसपा नेपाल पर्साका अध्यक्ष रामनरेश यादव, नेकपा एकीकृत समाजवादी पर्साका अध्यक्ष बालगोपाल थापा, प्रदेशसभा सदस्य श्याम पटेल, वीरगंज महानगरपालिकाका उपप्रमुख इम्तियाज आलम, पुस्तक प्रकाशिका रुचि श्रेष्ठलगायतको सहभागिता थियो ।

कार्यक्रममा स्वागत रमेश पाण्डे र सहजीकरण पटेर्वासुगौली गाउँपालिकाका अध्यक्ष दिनेश चौधरीले गरेका थिए ।

## रेडक्रस पर्साले स्थापना दिवस मनायो

प्रस, वीरगंज, २१ मङ्सिर/

नेपाल रेडक्रस सोसाइटी पर्सा जिल्ला



शाखाले ६१औं स्थापना दिवस विभिन्न कार्यक्रमको आयोजना गरी मनाएको छ । स्थापना दिवसमा रक्तसञ्चार केन्द्रमा शाखा सभापति वीरेन्द्रराज कँडेल र केन्द्रकी संयोजक मधु राणाले संयुक्तरूपमा झन्डोत्तोलन गरेका थिए ।

यसैगरी, रेडक्रसका संस्थापक जा हेनरी डयुनाको तस्वीरमा माल्यार्पण गरिएको थियो । दिवसको अवसरमा केन्द्रका सभापति कँडेल, प्रभु पटेल, सन्तोष थापालगायतले रक्तदान गरेका थिए ।

कार्यक्रममा नेरेसो पर्सासँग आबद्ध दिनानाथ रौनियार, महन्तप्रसाद यादव, अभिलाष गुप्ता, लालबाबू सिंह, दयाशङ्कर सिंह, सौरभराज पाण्डेय, राजन श्रीवास्तव, मनीष गुप्ता, वीरशम्शेर कुर्मी, लक्ष्मी राउत, मीना क्षेत्री, राजु साहलगायतको सहभागिता थियो । यसैगरी, दिवसको अवसरमा साँझ घण्टाघरमा दीप प्रज्वलित गरिएको थियो ।




यसैगरी, शुक्रवार भारत, पुणेको एनिमल इक्वालिटीले वीरगंजमा आयोजना गरेको रक्तदान कार्यक्रममा नौजनाले रक्तदान गरेको केन्द्रका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए । कार्यक्रममा गोविन्दा पटेल, दीपेश मण्डल, दिनानाथ प्रजापति, अनिल यादवलगायतले रक्तदान गरेका प्राविधिक कुशवाहाले बताए ।

## विद्यालयमा मन्दिर निर्माणका लागि शिलान्यास

प्रस, पर्सागढी, २१ मङ्सिर/

पर्सागढी नगरपालिका–४ बर्वाटाँडीस्थित नेपाल राष्ट्रिय माध्यमिक विद्यालय बर्वाछौटैलीमा सरस्वतीमाताको



मन्दिर निर्माणको लागि शुक्रवार शिलान्यास भएको छ । मन्दिरको शिलान्यास गर्दै नगरप्रमुख गोकर्ण पाठकले विद्याकी देवी सरस्वतीमाताको मन्दिर विद्यालयमा आवश्यक भएकोले स्थापना गरिन लागेको बताए ।

उनले शिक्षाकी देवीको रूपमा चिनिने सरस्वतीमाताको मन्दिर स्थापनाले विद्यालयमा वार्षिकरूपमा मनाइने सरस्वती पूजामा मूर्ति ल्याउने र सेलाउनुपर्ने समस्या नहुने र विद्यार्थीहरूले दैनिकरूपमा सरस्वतीमाताको दर्शन गर्न पाउने वातावरण बन्ने बताए ।

विद्यालयमा सरस्वतीमाताको मन्दिर सोही विद्यालयको २०५६ सालको एसएलसी ब्याचका विद्यार्थीहरूको खर्चमा निर्माण हुन लागेको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ओसियर हवारीको अध्यक्षतामा भएको शिलान्यास कार्यक्रममा मन्दिर निर्माणको जिम्मेवारी वहन गरेका २०५६ सालको एसएलसी ब्याचका राजेश्वरप्रसाद चौधरी, सुरेन्द्रप्रसाद चौधरी, चेतराज चौधरी, रामकृष्ण चौधरी, भोजराज महतो, लालबाबू चौधरीसमेत प्रअ रामनारायण पटवारी, भूतपूर्व प्रअ रामबहादुर चौधरी, समाजसेवी गोकर्ण मैनालीलगायतको सहभागिता थियो ।

## सालको गोलिया बरामद

प्रस, बिरुवागुठी, २१ मङ्सिर/

पर्सागढी नगरपालिका–३ बडनिहारको माथिल्लोटोलाबाट वनगस्ती टोलीले एक थान सालको गोलिया बरामद गरेको छ ।

सबडिभिजन वन कार्यालय, बडनिहारका जमदार जीतबहादुर तामाङको कमान्डमा खटेको वनगस्ती टोलीले लुकाइछिपाइ राखेको अवस्थामा एक थान (१० क्युफिट) सालको गोलिया बरामद गरेको हो । रातिको समयमा काठ तस्करहरूले विन्ध्वासिनी कोइलाभार साझेदारी वन क्षेत्रबाट सालको रूख कटान गरी गोलिया बिक्री गर्ने प्रयोजनको लागि लुकाइराखेको अवस्थामा बरामद गरिएको सबडिभिजन वन कार्यालय, बडनिहारले जनाएको छ ।

## विचारसार र सूक्तिहरू

**आफ्नो कमीकमजोरीलाई केलाऊ, केही बन्नेछौ, अरूको कमीकमजोरी केलाउँदा तिमी पत्रु बन्नेछौ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# समय छँदा काम नगर्ने प्रवत्ति

**काम समयमा नगर्ने र वर्षको अन्तिम दुई महीनामा हतारहतार काम सक्ने प्रवृत्ति हाम्रो मुलुकको विकास निर्माणमा देखिएको सबैभन्दा गम्भीर समस्या हो । आर्थिक वर्ष शुरू भएदेखि नै योजनाहरूको कार्यान्वयनमा उदासीनता देखाउने र असार मसान्तमा बजेट खर्च गर्ने होडबाजी गर्नु जिम्मेवार तहमा बस्नेहरूको पुरानै रोग हो । राजनीतिक व्यवस्था फेरिए पनि यो प्रवृत्तिमा सुधारको सङ्केत छैन । यसको मुख्य असर नागरिकको विकास र सेवामा पर्छ । यसभित्र गहिरो भ्रष्टाचार र गैरजिम्मेवारीपन लुकेको छ । वित्तीय वर्ष शुरू हुने साउनदेखि योजना निर्माण र कार्यान्वयन थाल्नुपर्ने हो । तर सरकारी कार्यालयहरूले साउनमा खाता मिलान भन्दै समय बिताउँछन् । भदौ र असोजमा कर्मचारीको सरुवा, दशैं–तिहारको बिदा, अनि मङ्सिरतिर मात्र योजनाका कागजी काम शुरू हुन्छ । पुस–माघमा सम्झौता प्रक्रिया थालिन्छ र चैतदेखि काम गर्ने भनिए पनि ठेक्कापट्टा र अन्य प्रक्रियामा ढिलाइ गरी असारमैं योजना पुऱ्याइन्छ ।**

**यो प्रवृत्तिको जडमा योजना दिने निकाय, निर्माण व्यवसायी र कर्मचारीतन्त्रबीचको अनैतिक साँठगाँठ छ । असारमा काम गर्दा भ्रष्टाचारको मौका बढी हुन्छ । काम कस्तो भयो भन्ने हेर्न सर्वसाधारणले वर्षाको चटारोमा गुनासो गर्न सक्दैनन्, जसले योजना पूरा भएको देखाइ बजेट फछ्र्योट गर्न सहज हुन्छ । त्यसैगरी, बर्खाको बेला हुने काममा गुणस्तर कायम गर्न कठिन हुन्छ । खोला, नदी तटबन्ध, सडक निर्माणजस्ता काममा तत्कालै मर्मतको आवश्यकता पर्छ । निर्माण सामग्री ओसिलो माटो, पानी र अन्य प्राकृतिक कारणले बिग्रँदा काम दीर्घकालीन हुँदैन । बर्खा र असारको व्यस्तताका कारण सर्वसाधारणले विकासको अनुगमन र आलोचना गर्न सक्दैनन् । नागरिकको मौनताले भ्रष्टाचार गर्न झन् सजिलो हुन्छ । आर्थिक वर्ष सकिन लाग्दा बजेट खर्च नगरेमा फिर्ता हुने डरले पनि स्थानीय उपभोक्ता चुप रहन बाध्य हुन्छन् । योजना दिने निकायका अधिकारीहरूले पनि यही मौकाको फाइदा उठाएर आफ्ना विश्वासपात्र व्यवसायी र उपभोक्ता समितिलाई कमिशनको आधारमा रातारात योजना दिन्छन् । यो प्रवृत्तिले विकास निर्माणमा दीर्घकालीन गम्भीर असर पुऱ्याइरहेको छ । सडक, विद्यालय, स्वास्थ्य चौकीजस्ता आधारभूत संरचनाको गुणस्तर कमजोर हुँदा त्यसले प्रत्यक्षरूपमा नागरिकको जीवनस्तरमा नकारात्मक प्रभाव पार्छ । योजना समयमा कार्यान्वयन नहुने प्रवृत्ति मुख्यतः सरकारी निकायको व्यवस्थापकीय कमजोरी, भ्रष्टाचार र जिम्मेवारीहीनता हो । ठेकेदारले आफ्नो अनुकूल समय र सुविधा अनुसार काम गर्छन्, तर यसलाई नियन्त्रण गर्न सरकार असफल छ ।**

**गुणस्तरीय र पारदर्शी काम गर्ने हो भने आर्थिक वर्ष शुरू भएसँगै योजनाको तयारी र कार्यान्वयन थाल्नुपर्छ । कागजी प्रक्रिया र सम्झौताको ढिलाइ हटाइ काम शुरू गर्न समयसीमा तोक्नुपर्छ । विकास निर्माणको गुणस्तर मापन र अनुगमन गर्न प्राविधिक समूह नियमितरूपमा खटाउनुपर्छ । काम समयमा नभएमा ठेकेदारलाई सजाय दिने कानूनी व्यवस्था प्रभावकारी बनाइनुपर्छ । त्यसैगरी, बजेट व्यवस्थापनमा पनि केही सुधार गर्नुपर्ने हुन्छ । असारको अन्तिम समयमा मात्रै खर्च गर्ने प्रवृत्ति हटाउन त्रैमासिक बजेट कार्यान्वयनलाई अनिवार्य गरिनु जरुरी छ । काम नगर्ने र ढिलाइ गर्ने योजना संयोजकलाई जवाफदेही बनाइनुपर्छ । साथै योजना निर्माणदेखि कार्यान्वयनसम्म उपभोक्ताको सक्रिय सहभागिता र [redacted] उजूरी गर्ने व्यवस्था सहज हुनुपर्छ ।**

# शैक्षिक सुधारका लागि अभिभावक परिचालन आवश्यक

विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा ल्याउन, सिकाउन, टिकाउन र बिकाउनका लागि नेपाल सरकारले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । नेपाल सरकारको यस मिसनमा टेवा पुऱ्याउन विभिन्न विकास साझेदार संस्थाहरू र अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरूले समेत सहकार्य गर्दै आएका छन् । तर पनि अपेक्षा अनुसारको शैक्षिक गुणस्तर प्राप्त हुन नसकेको अवस्था छ । आर्थिक लगानीबाट मात्रै शिक्षा क्षेत्रको प्रवर्द्धन सम्भव नरहेकोले शिक्षा क्षेत्रमा अपेक्षा अनुसारको नतीजा हासिल गर्न सबै सरोकारवालाहरूको सहयोगको खाँचो छ । गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि नियामक निकाय, शिक्षक, अभिभावक, विद्यार्थी र नागरिक समाजको सकारात्मक भूमिका अपरिहार्य रहे तापनि सबैजसो सरोकारवाला आआफ्नो भूमिकाबाट विमुख हुँदै गएको अवस्था छ । सरोकारवालाहरूको उदासीनताका कारण देशको शैक्षिक गुणस्तर दिन प्रतिदिन घट्दै गएको कुरा परीक्षाको अन्तिम नतीजा र विभिन्न अध्ययन, अनुसन्धान तथा सर्वेक्षणका प्रतिवेदनहरूले देखाएका छन् । गुणस्तरीय शिक्षाका लागि सबै सरोकारवालाको भूमिका अनिवार्य रहे तापनि अभिभावकको मात्रै सकारात्मक भूमिका, प्रयास र लगानीबाट शिक्षामा सुधार सम्भव छ । शिक्षामा सुधार ल्याउन अभिभावकहरू आफ्नो बालबालिकाको भविष्यप्रति सजग हुनुपर्छ । बालबालिकालाई विद्यालय पठाएर र पढाइमा सहयोग पुऱ्याएर, बालबालिकालाई घरमा पढ्ने वातावरणको सृजना गरेर, बालबालिकाले घरमा पढ्नेबारे सुनिश्चितता गरेर, बालबालिकालाई बाल पुस्तकालय तथा क्लबहरूमा पढ्न अभिप्रेरित गरेर, बालबालिकाको सिकाइबारे शिक्षकसँग अन्तर्क्रिया गरेर र बालबालिकाको पढाइमा मदत पुऱ्याउन अन्य अभिभावकसँग छलफल गरेर अभिभावकले आआफ्नो बालबालिकाको शैक्षिक सुधारमा महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । तसर्थ अभिभावकका यी भूमिकाहरूबारे थप चर्चा गर्न आवश्यक छ ।

**बालबालिकालाई विद्यालय पठाउन र पढाइमा सहयोग :**

बालबालिकाको भविष्यलाई ध्यानमा राखी उनीहरूलाई नजीकको राम्रो विद्यालयमा भर्ना गर्नु अभिभावकको पहिलो दायित्व हो । भर्ना भएका बालबालिकालाई नियमितरूपमा विद्यालयमा पठाउन, उनीहरूलाई चाहिने आवश्यक शैक्षिक सामग्री, पोशाक तथा खाजाको व्यवस्था गर्न अभिभावक स्वयम् जिम्मेवार हुनुपर्छ । विद्यालयबाट घर फर्केर आइसकेपछि बालबालिकाले विद्यालयमा के के कुरा सिके भन्नेबारे अभिभावकले सोधखोज गर्दा विद्यालय गई पढाइमा ध्यान नदिने बालबालिकाहरू पढाइप्रति ध्यान दिन बिस्तारै शुरू गर्न थाल्छन् । यसका अलावा बालबालिकालाई गृहकार्य पूरा गर्नमा सहयोग गर्नुका साथै अभिभावकले ज्ञानमूलक तथा सन्देशमूलक कथा, कविता सुनाएर र स्थानीय कला तथा संस्कृतिको बारेमा बताएर बालबालिकाको पढाइ तथा सिकाइ प्रवर्द्धनमा सहयोग पुऱ्याउन सक्छन् ।

**बालबालिकालाई घरमा पढ्ने वातावरणको सृजना :**

पठन संस्कृतिको विकास गर्न र सिकाइ प्रवर्द्धन गर्न अभिभावकले बालबालिकाका लागि घरमा पढाइ कुना निर्माण गर्नु अभिभावकको दोस्रो दायित्व



स्वतन्त्र विचार

भरत सहनी

bharat.sahani09@gmail.com

**अभिभावकको सक्रिय सहभागिताबाट विद्यार्थी, विद्यालय तथा समुदायमा सकारात्मक सन्देश जाने र यसबाट शैक्षिक गुणस्तरीयताको सुनिश्चिततामा टेवा पुग्ने हुँदा शैक्षिक सुधारका लागि अभिभावक परिचालन आजको आवश्यकता हो ।**

हो । बालबालिकाका लागि घरमा पढाइ कुना नहुँदा विद्यालयबाट घर फर्किंदा बालबालिकाले घरका फरकफरक दिशामा कहीं विद्यालय पोशाक फुकालेर फाल्ने, कहीं झोला फाल्ने र कहीं जुत्ता फाल्दै खान र खेलकूदमा होमिंदा रहेछन् । जसले गर्दा भोलिका लागि बालबालिकालाई विद्यालयको लागि तयारी गर्दा अभिभावकहरू खासगरी महिलाहरूले ठूलो समय खर्चिनुपरेको अवस्था छ । बालबालिकाका लागि घरमा पढाइ कुना निर्माण गर्दा बालबालिकाले आफ्नो विद्यालय पोशाक, झोला र जुत्ता एकै स्थानमा राख्न पाउने र दैनिकरूपमा सोही स्थानमा बसेर पढ्ने वातावरण सुनिश्चित गर्दा उनीहरूको पढाइ र सिकाइमा मदत पुग्ने निश्चित देखिन्छ । घरमा पढाइ कुना निर्माण गर्दा अभिभावकले खासै थप आर्थिकभार पनि बेहोर्नुपर्दैन । अभिभावकले घरको कुनै एक कुनालाई पढाइ कुनाको रूपमा छनोट गर्नुपर्छ । पढाइ कुनामा बस्नका लागि आफ्नो आर्थिक क्षमताले भ्याएसम्म कुर्सी/टेबल वा सुकुल वा बोराको व्यवस्था, विद्यालय पोशाक झुन्ड्याउनका लागि एक सानो दराज वा टिन/काठको बक्सा वा ह्याङ्गरको व्यवस्था र बत्तीको व्यवस्था गर्न सक्छ ।

**बालबालिकाले घरमा पढ्छन् भन्नेबारे सुनिश्चितता :**

बालबालिकाले दैनिक २४ घण्टामध्ये ६ घण्टा मात्रै विद्यालयमा व्यतीत गर्ने र बाँकी १८ घण्टा घरमैं बिताउने भएकाले अभिभावकले बालबालिकाका लागि घरमा पढ्ने वातावरणको सुनिश्चितता गर्नु अभिभावकको तेस्रो दायित्व हो । बालबालिकाहरू घरमा बसेर बिहान, बेलुकी कम्तीमा पनि एक/एक घण्टाका दरले पढ्दा उनीहरूको सिकाइ उपलब्धिमा सुधार आउने निश्चित छ । यसरी बालबालिकाहरू घरमा पढ्दा अभिभावकले पनि आफ्नो बालबालिकाका लागि दैनिक १० मिनेट मात्र समय प्रदान गर्दा बालबालिकाको शैक्षिक उपलब्धि सुधारमा दुई गुणाले वृद्धि आउने प्रारम्भिक कक्षा पढाइ कार्यक्रमको एक अध्ययनले देखाएको छ । वर्तमानमा बालबालिकाको शिक्षा पूर्णरूपमा विद्यालय तथा शिक्षकमाथि निर्भर रहेका कारण सिकाइ उपलब्धि कमजोर हुँदै गएको छ । तसर्थ शैक्षिक सुधारका लागि अभिभावकले आफ्नो बालबालिकाको लागि समय छुट्याउन जरुरी छ । अभिभावकले बालबालिकाको पढाइको लागि समय प्रदान गर्दा बालबालिकाहरूमा पढ्ने इच्छासमेत बढ्छ ।

**बालबालिकालाई पुस्तकालय तथा क्लबहरूमा पढ्न अभिप्रेरित गर्ने :**

पठन सीप प्रवर्द्धनका लागि एकमात्र उपाय हो, धेरैभन्दा धेरै पढ्नु । पढ्नका लागि चाहे पाठ्यपुस्तक होस् वा पूरक सन्दर्भ सामग्री, शिक्षण सिकाइ सामग्री होस् वा समाचारपत्र । विद्यार्थीले जति धेरै पढ्यो, त्यति नै धेरै उनीहरूको पढाइ तथा सिकाइमा सुधार आउन मदत पुग्छ । जसले गर्दा बालबालिकालाई पुस्तकालय तथा बालक्लबहरूमा आबद्ध गराइ उनीहरूको पढाइका लागि अभिप्रेरित गर्नु अभिभावकको चौथो दायित्व हो । पुस्तकालय तथा बालक्लबहरूमा आबद्ध हुँदा बालबालिकाहरू पढ्ने र सिक्ने वातावरणको सृजना हुनुका साथै पढाइ तथा सिकाइमा प्रतिस्पर्धाको वातावरण सृजना हुनमा सहयोग पुग्छ । यसरी पढाइमा प्रतिस्पर्धा बढ्दा बालबालिकालाई पढाइप्रति रुचि बढ्ने र धेरैभन्दा धेरै पढ्न पाउँदा बालबालिकाको पढाइ तथा सिकाइमा सहयोग पुग्छ । पुस्तकालय तथा बालक्लबहरूमा आबद्ध हुँदा बालबालिकामा कुलत तथा खराब आचरणबाट जोगिन मदत पुग्नुका साथै समाजमा एक असल नागरिकको रूपमा स्थापित हुनमा सहयोग पुग्छ ।

**बालबालिकाको सिकाइबारे शिक्षकसँग अन्तर्क्रिया :**

बालबालिकाको सिकाइबारे शिक्षकसँग कुरा गर्नु र बालबालिकाको सिकाइमा कसरी मदत पुऱ्याउन सकिन्छ, सोबारे पत्ता लगाउनु अभिभावकको पाँचौं दायित्व हो । बालबालिकाको सिकाइका बारेमा शिक्षकसँग कुरा गर्दा बालबालिकाको बलियो पक्ष र कमजोर पक्ष पत्ता लगाउनमा सहयोग पुग्छ । बालबालिकाको कमजोर पक्ष समयमैं पत्ता लाग्दा अभिभावकले सो कमजोर पक्षलाई सुधार गर्न पर्याप्त समय पाउँछन् । जसले गर्दा बालबालिकाको कमजोर पक्ष सुधार्नका लागि आफूबाट हुन सक्ने योगदानको लागि अभिभावक सदैव तत्पर रहन्छन् । अभिभावकले बालबालिकाको कमजोर पक्षमा ध्यान दिंदा बिस्तारै बालबालिकाको पढाइ तथा सिकाइमा सुधार आउनमा सहयोग पुग्छ । अभिभावकहरू विद्यालयमा गई आआफ्ना बालबालिकाको पढाइ तथा सिकाइको बारेमा कुरा गर्न थालेपछि शिक्षकहरू विद्यालयमा नियमित उपस्थित हुन र बालबालिकाको पढाइ तथा सिकाइमा ध्यान दिन बाध्यात्मक अवस्थाको समेत सृजना गर्नमा मदत पुग्छ । यसका साथै अभिभावकहरू विद्यालयमा निरन्तररूपमा आउजाउ गर्न थालेपछि दिवाखाजाको गुणस्तरीयतामा सुधार आउनुका साथै शैक्षिक सुशासनको प्रत्याभूतिमा समेत सहयोग पुग्ने देखिन्छ ।

**बालबालिकाको पढाइमा मदत पुऱ्याउन अन्य अभिभावकसँग छलफल :**

पढाइ तथा सिकाइमा अब्बल, राम्रा, औसत तथा कमजोर गरी चार किसिमका बालबालिका विद्यालयमा हुन्छन् । आफ्नो घरका सबै बालबालिका पढाइ तथा सिकाइमा अब्बल होस् भन्ने चाहना सबै अभिभावकमा हुन्छ । तर चाहनाले मात्रै बालबालिकालाई पढाइमा अब्बल बनाउन सकिंदैन । यसका लागि शिक्षकको सहयोगमा अभिभावकले आफ्नो बालबालिकाको पढाइ तथा सिकाइको स्तर पत्ता लगाउन र सिकाइमा अब्बल र राम्रा बालबालिकाको अभिभावकहरूलाई समेत पहिचान गर्नुपर्छ । बालबालिकाको सिकाइको स्तर पत्ता लागेपछि आफ्नो बालबालिकालाई अब्बल बनाउने कि राम्रो, सोबारे अभिभावकले निर्णय लिन सक्नुपर्छ । त्यसपछि अभिभावकले पढाइमा अब्बल रहेका बालबालिकाका अभिभावकसँग भेटघाट तथा छलफल गर्नुपर्छ । पढाइमा अब्बल हुनुको कारण पत्ता लगाइसकेपछि अभिभावकले आफ्नो क्षमताले भ्याएसम्म बालबालिकामा थप लगानी बढाउनु सक्नुपर्छ । तसर्थ बालबालिकाको पढाइमा मदत पुऱ्याउन अन्य अभिभावकहरूसँग छलफल गर्नु अभिभावकको छैटौं दायित्व अन्तर्गत पर्छ ।

आजको बालबालिका भोलिका कर्णधार हुन् । बालबालिकाहरूमा समुचित लगानी गर्दा अधिकांश बालबालिकाले जीवनमा सफलता हात पार्ने सम्भावना उच्च हुन्छ । बालबालिकाको भविष्य धेरै हदसम्म अभिभावकको हातमा रहेकाले अभिभावकको शिक्षाप्रतिको सचेतीकरणबाट बालबालिकाको उज्ज्वल भविष्य सम्भव छ । गर्भावस्थादेखि युवावस्थाको हरेक खुड्किलोमा बालबालिकालाई उचित स्याहारसुसार, हेरचाह, रेखदेख, उचित मार्गदर्शन तथा लगानी आवश्यक रहेकाले यसमा अभिभावकको सक्रियता आवश्यक छ । बालबालिका विद्यालय जाने उमेरको भएपछि कस्तो विद्यालयमा र कसरी पठाउनेबारे अभिभावक सजग हुनुपर्छ । विद्यालयको छनोटमा अभिभावकले राम्ररी ध्यान नपुऱ्याए गुणस्तरीय शिक्षाको कल्पना गर्न सकिंदैन । बालबालिका विद्यालय भर्ना भएपश्चात् उनीहरूका लागि चाहिने आवश्यक शैक्षिक सामग्री, झोला, पाठ्यपुस्तक, पोशाक र खाजाको उचित प्रबन्ध अभिभावकले मिलाउन सक्नुपर्छ । यसका साथै मासिकरूपमा विद्यालयको अनुगमन गरी बालबालिकाको शैक्षिक अवस्थाको बारेमा शिक्षकसँग बुझ्न र शिक्षकको परामर्शबमोजिम बालबालिकामा थप लगानी गर्नुपर्ने क्षेत्रको पहिचान गरी सोहीबमोजिम लगानी गर्नु आवश्यक देखिन्छ । विद्यार्थीको कमजोर शैक्षिक अवस्थालाई ध्यानमा राखी अभिभावकले थप कोचिङ तथा ट्युशन कक्षाको व्यवस्था गर्न सक्छ । विद्यालयमा आयोजना हुने विभिन्न शैक्षिक कार्यक्रम, अभिभावक भेला तथा बैठक आदिमा सहभागी भई अभिभावकले बालबालिका, विद्यालय तथा शिक्षकलाई आवश्यक सहयोग गर्नतर्फ अग्रसरता देखाउनुपर्छ । अभिभावकको सक्रिय सहभागिताबाट विद्यार्थी, विद्यालय तथा समुदायमा सकारात्मक सन्देश जाने र यसबाट शैक्षिक गुणस्तरीयताको सुनिश्चिततामा टेवा पुग्ने हुँदा शैक्षिक सुधारका लागि अभिभावक परिचालन आजको आवश्यकता हो ।

# बचतपत्रमा बैंकभन्दा बढी ब्याज हुँदा पनि लगानीकर्ताको आकर्षण कम

काठमाडौं, २१ मङ्सिर/रासस

नेपालमा वित्तीय क्षेत्रमा लगानीका धेरै विकल्प छन् । घरजग्गा, सुनचाँदी, पूँजीबजार र मुद्दती निक्षेपजस्ता क्षेत्रमा नागरिकहरूले प्राथमिकता दिने गरेका छन् । यी विकल्पभन्दा सहज, सुरक्षित र आकर्षक प्रतिफल मानिने सरकारी उपकरण 'बचतपत्र'को चर्चा भने अत्यन्त कम छ ।

बैंकको मुद्दती निक्षेपभन्दा बढी ब्याज दिने बचतपत्र लगानीका लागि उत्कृष्ट विकल्प हो । यसको प्रचारप्रसारको अभाव, केही प्रक्रियागत जटिलता र दोस्रो बजारको सीमित जानकारीका कारण यसप्रति लगानीकर्ता आकर्षित हुन सकेका देखिंदैनन् ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले मुख्यतः दुई प्रकारका बचतपत्र जारी गर्दै आएको छ । पहिलो, नागरिक बचतपत्र, जुन नेपाली नागरिकको बचत परिचालन गरी आन्तरिक ऋण जुटाउन प्रयोग गरिन्छ । दोस्रो, वैदेशिक रोजगार बचतपत्र, जुन वैदेशिक रोजगारमा संलग्न नेपाली नागरिक वा फर्केका नागरिकका लागि लक्षित उपकरण हो । यी बचतपत्रहरू पाँच वर्षे अवधिका हुन्छन् र हालको ब्याजदर क्रमशः साढे सात र

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

# जानकी विवाह : अनेक किंवदन्ती

स्वान्त सुखायः

सञ्जय मित्र
mitrasanjay41@gmail.com

जानकीको जन्म भएको ठाउँ बिहारको सीतामढी जिल्लाको सीतामढी रेलवे स्टेशनभन्दा करीब सात किलोमिटर दक्षिण–पश्चिममा अवस्थित पुनौराधाम हो भन्ने मान्यता रहेको छ। 'पुण्य अरण्य' भनिने उक्त स्थान त्यस बेला जनकपुर राज्य अन्तर्गत पर्दथ्यो । सोही 'पुण्य अरण्य'बाट अपभ्रंश भई पुनौरा नाम रहन गएको हो र पछि धाम शब्द थपिएको हो। यसैगरी 'सीता मडई'बाट सीतामढी शब्दको निर्माण भएको मानिन्छ। सीतामढीमा बोलिने स्थानीय बज्जिका भाषामा 'मडई' शब्दको अर्थ 'छाप्रो' हुन्छ। सीताको धरतीबाट प्रादुर्भाव भएपछि जनकहरूको अस्थायी बास रहेको ठाउँ जहाँ मडईहरू बनाइएका थिए, सोही मडईमा ल्याएर राखियो। जुन स्थानमा



जनकको मडई अर्थात् मण्डप आकारको छाप्रो थियो, त्यस स्थानमा जानकी मन्दिर रहेको छ। सीतामढीको जानकी मन्दिर पनि एउटा प्रसिद्ध तीर्थस्थल हो। जानकी जन्मेको ठाउँ पुनौराधाम झनै भव्य छ। भनिन्छ, वर्षा भएपछि राजा जनक अर्थात् सिरध्वजसहितको टोली जनकपुरी फर्किएको थियो।

जानकीको जन्म धरणीबाट भएको र जानकी धरणीपुत्री भएको कुरा जानकीको धरणीसमाधिले पनि पुष्टि गर्छ। मिथकहरूले यही स्वीकार गरेको पाइन्छ कि जानकी आफ्नो जीवनको अन्तिममा धरतीमा समाहित भएकी थिइन् । यसको धरतीदेखि धरतीसम्म जानकीको जीवनमा अनेक उतारचढाव पाइन्छ। वास्तवमा जानकी कसकी पुत्री हुन् ? यो प्रश्नको उत्तरको खोजी रहस्य नै रहेको छ । केही हदसम्म तुलसीकृत रामायणमा यसको सङ्केत पाइन्छ, यद्यपि यसलाई धेरै रामायणकारले रहस्य नै रहन दिएका छन् वा खोज–अनुसन्धानतिर ध्यान दिन चाहेका छैनन् । जानकीको जन्म रहस्यमय त छ तर जानकीको विवाहको विषयमा खासै मतभिन्नता रहेको पाइन्न । हो, दृष्टिकोणले केही भिन्नता ल्याउनु स्वाभाविक हो । कुन दृष्टिकोण लिएर रामायणको परिचर्चा वा रामायण घटनाको परिलेखन भइरहेको छ, लेखकले चाहेको के हो ? भन्ने कुरो पनि प्रमुख हुन्छ । आफ्नो उद्देश्यलाई पूरा गर्नको लागि लेखकले कतिपय घटनालाई साधन मात्र बनाएका हुन्छन् । यद्यपि विचारणीय अर्को सत्य यो पनि हो कि जुन ठाउँमा कुनै घटना घटेका हुन्छन्, त्यसको वरपर केही बढी मिथक तथा किंवदन्तीहरू प्रचलनमा रहेका हुन्छन् । जानकीको विवाहसम्बन्धी पनि हाम्रो समाजमा केही किंवदन्तीहरू प्रचलनमा रहेका छन् ।

रावण आएका थिए, सीताको स्वयंवरमा । रावणले चाहेको भए शिवधनुको विधि पूरा गर्न सक्थे रे। तर रावणकी छोरीको नाता पर्ने वा कुनै किसिमले रावण र सीताको सम्बन्ध पिता–पुत्रीको रहेको थियो। यसले गर्दा रावणले जति चाहे पनि उक्त शिवधनुलाई हल्लाउनसमेत सकेनन् । रावणले शिवधनुलाई हल्लाउनसमेत नसक्नुमा रावणको बल वा पराक्रमको कमीले होइन, उनको आध्यात्मिक शक्तिको कारणले हो रे। रावणले जब धनुलाई तत्काल हल्लाउनसमेत सकेनन्, तब उनले विचार गरे अनि उनलाई ज्ञात भयो वास्वविक कारण। रावणले वास्तविक कारण ज्ञात भएपछि दुनियाँलाई देखाउन यो प्रण गरे– म जानकीलाई कुनै पनि मूल्यमा लङ्कासम्म पुऱ्याउँछु । जानकी विवाहको समयमा रावणले गरेको प्रतिज्ञा पूरा गर्न उनले पञ्चवटीबाट अपहरण गरी लङ्का पुऱ्याएका थिए ।

जानकी विवाहको सम्पूर्ण सन्दर्भबाट भगवान् परशुराम अनभिज्ञ थिए । भगवान् परशुरामलाई औपचारिक निम्तो यस्तो काममा कमै जान्थ्यो । उनी क्षत्रीयविरोधी थिए । तर जानकी विवाहको शर्तबारे पनि उनी मौन थिए। शिवधनुर्भङ्ग नै विवाहको शर्त थिएन । उक्त धनुषमा ताँदो चढाइ बाण सन्धान गर्नु थियो। सोही क्रममा धनुर्भङ्ग भएको थियो । धनुर्भङ्ग हुँदा त्यसको ध्वनिले, भनिन्छ, भगवान् परशुरामलाई ब्यूँझाएको थियो । उनी क्रोधावतार थिए, यसैले उनले सहन सकेनन्। रामायणका विभिन्न सन्दर्भमा रामले शिवलाई र शिवले रामलाई आराध्य मानेको प्रसङ्ग पाइन्छ। रामेश्वरको स्थापनाको सन्दर्भ पनि यसको ज्वलन्त दृष्टान्त हो । अनि धनुर्भङ्गको ध्वनिले आत्तिएका भगवान् परशुरामलाई रामले नै शान्त पार्न सक्थे। यहाँ आफूले आफूलाई शान्त पार्ने भाव पनि निहित छ । राम र परशुराम दुवै विष्णुकै अवतार हुन्। भनिन्छ, विवाहकै कारणले विष्णुका दुई अवतारको दुर्लभ भेट हुन पाएको थियो । यही भेटको चिनोको रूपमा देकुलीधाम (द्विकुलधाम)को निर्माण हुन पुगेको छ, जुन अहिले पनि चर्चित धार्मिकस्थलको रूपमा रहेको छ।

सर्लाहीको बलराभन्दा केही सय मिटर भारतको सीतामढी जिल्लाको बसबिटा बजार रहेको छ । बजारमा एउटा मन्दिर छ– बाबा सुकेश्वरनाथको। भनिन्छ, यस मन्दिरको सम्बन्ध पनि जानकी विवाहसित रहेको छ । त्यस समयमा बाग्मती नदी त्यहाँ थियो । बाग्मती नदी तरेर एकजना सन्त जनकपुर विवाहमा सहभागी हुन जाँदै थिए । सीमाको अन्तिम स्वागतद्वार निर्माण गरिएको थियो । जनकपुर राज्यको अन्तिम सीमा त्यहींसम्म थियो। सन्तलाई अनुमति नभएको भनी जान दिइएन । सन्तको परिचय सोधेर एक घोडसवारलाई सोध्नको लागि पठाइयो। तबसम्म सन्तलाई आफ्नो कर्म गर्नुपर्ने समय भयो । बाग्मती नदीमा स्नान गरे र एक शिला स्थापना गरी भगवान् शिवको विधिवत् पूजाअर्चना गरे । उताबाट उक्त सन्तलाई ससम्मान विवाहयज्ञमा सहभागी गराउन दूत पनि आए । जनकपुर राज्यको सीमाबाहिर बाग्मती नदीको किनारमा साधुले स्थापना गरेको शिवमन्दिर अझै पनि छ।

जानकी विवाहको लागि जुन शिवधनुमा ताँदो चढाइ बाण सन्धान गर्ने शर्त राखिएको थियो, त्यसलाई जानकीले देब्रे हातले उठाइसकेकी थिइन्। भनिन्छ, हरेक दिन उक्त शिवधनुको पूजा गर्ने गरिन्थ्यो। पूजा प्रायः आमाले गर्नुहुन्थ्यो। एक दिन जानकीलाई नै पूजा गर्न आमाले भनेपछि जानकीले पूजा गर्नुभन्दा पहिले धनुष राखिएको ठाउँ वरिपरि बढारिन्, सफा गरिन्। त्यसपछि लिप्नुपर्ने थियो। दाहिने हातमा पोत्ने कुरोले पोत्दै जाँदा धनु राखिएको ठाउँको मुनिको जमीनलाई पोत्न सजिलो भएन । अनि जानकीले देब्रे हातले धनुषलाई उचालेर दाहिने हातले त्यहाँको भुइँ पोतिन्। यो यसरी भइरहेको थियो, मानौं जानकीले आफ्नो हातमा कुनै तृण राखेकी थिइन् । कपासजस्तै हलुको वस्तु उचालेको अवस्थामा माताले देख्नुभयो।

(बाँकी चौथो पातामा)

# धार्मिक, सामाजिक सद्भावको गढ : गढीमाई मेला

विचार

डा शोभाकर पराजुली

हरेक पाँच वर्षमा एकपटक 'गढीमाई'को चर्चा परिचर्चा चुलिने गर्छ। राष्ट्रिय र अन्तर्राष्ट्रियरूपमा बहस हुने यो मेला यसपालि पनि चलिरहेकै छ । हरेक पाँच वर्षमा मङ्सिर १ गतेदेखि शुरू हुने यो मेला एक महीनासम्म चल्छ। मधेसका विभिन्न जिल्लाका ११ स्थानमा यो मेला लाग्छ। तर सबैभन्दा धेरै भने बाराको बरियापुरको गढीमाई मन्दिर चर्चामा रहन्छ ।

यो चर्चाको पनि आफ्नै कथाहरू छन् । मन्दिर अनि मेलाका आआफ्नै कहानी र किंवदन्तीहरू छन्। मिथक र विश्वासहरू छन् । यो मन्दिरमा हरेक पाँच वर्षमा लाखौं पशुपक्षीको बलि चढान्छ । राष्ट्रिय मात्रै होइन, अन्तर्राष्ट्रियरूपमा पनि यही बलिका कारण मन्दिर र मेलाको चर्चा हुने गर्छ। खासगरी पशु अधिकारकर्मीहरूले बलिप्रथाको विरोध गर्छन् । हरेक प्राणीलाई बाँच्ने अधिकार बराबर भएको भन्दै अधिकारकर्मीहरूले बलिप्रथा रोक्न सरकारलाई दबाब पनि दिंदै आएका छन् । सरकारले पनि त्यही अनुसार बलिलाई व्यवस्थित र नियन्त्रण गर्ने प्रयासहरू गरिरहेको छ। तथापि लाखौं मानिसको आस्था जोडिएका कारण अहिलेसम्म पनि यहाँ बलि रोकिएको छैन । नेपाल मात्रै नभएर यो मेलामा छिमेकी भारतका हिन्दू समुदायको पनि उत्तिकै सहभागिता रहन्छ। एक महीनासम्म लाखौं मानिसले भरिने यो मेला एक प्रकारको धार्मिक महाकुम्भजस्तै हुन्छ।



तस्वीरः प्रतीक

खासगरी आदिवासी समुदाय थारूहरूको इतिहास र धार्मिक विश्वास गाँसिएको यो गढीमाई मन्दिर र मेलासँग अहिले हरेक हिन्दूको आस्था पनि उत्तिकै गहिरो छ । खासगरी समाजमा पछि पारिएका थारूहरूले यो मन्दिरलाई आफ्नो पुर्खाको धार्मिक अवयवका रूपमा पनि लिने गरेका छन् । अहिले पनि यो मन्दिरका मूल पुजारी थारू समुदायबाटै हुन्छन्। हालका पुजारी पनि यो मन्दिर स्थापना गर्ने उनै मूल थारूका पुस्ता मानिन्छन् । मन्दिर स्थापनाका पछाडि जोडिएका किंवदन्ती अनुसार कैद सजाय भोगिरहेका एकजना थारू समुदायका व्यक्ति भगवानदास थारू सपनामा तुलजा भवानी (गढीमाई)को दर्शन पाउँछन्। र भवानीले एउटा त्रिशूल उनलाई दिएकी हुन्छिन्। कैद भुक्तान गरेर घर फर्किने बेलामा भगवानदासले त्यो त्रिशूल एक ठाउँमा गाडिदिन्छन्। त्यही ठाउँमा मन्दिर बन्छ र त्यसपछि मेलाको सुरुआत हुन्छ। त्यो त्रिशूल गाडिएको स्थान अर्थात् हालको बारा जिल्ला बरियारपुरमा बनेको मन्दिरमा रहेको भवानीको मूर्ति आफैं स्थापना भएको पनि किंवदन्ती छ।

हिन्दूहरूको आस्थामा रहने शक्तिपीठमध्ये यो पनि एउटा शक्तिपीठ हो । शक्तिपीठहरूको शिवपत्नी सतीदेवीका अङ्गहरू पतन भएको धार्मिक विश्वास पनि छ। अर्को किंवदन्ती अनुसार भगवान् विष्णुले राक्षसहरूको वध गर्न देवीको रूप धारण गरेका थिए। देवीले राक्षसहरूको वध गर्छिन् र युद्धबाट थाकेर उनी त्यहाँको जङ्गलमा आराम गर्न पुगेकी थिइन्। त्यसैले त्यहाँ उनको मूर्ति आफैं उत्पन्न भएको भन्ने पनि पौराणिक मान्यता छ । त्यस बेलादेखि यिनै थारू परिवारले मन्दिरको संरक्षण, संवर्द्धन र देवीको पूजाआजा गर्दै आएको र उनका सारा पुस्ता कोही न कोही यो मन्दिरमा जोडिने गरेको जनश्रुतिहरू पनि स्थापित भएका छन्। जे जस्तो भएपनि गढीमाई देवीलाई साक्षात् देवीको प्रतीकका रूपमा लिइन्छ। त्यसैले अरू शक्तिपीठभन्दा यो मन्दिरको महत्त्व अझ बढ्न गएको पाइन्छ।

यो पौराणिक परिघटना लगभग १७औं शताब्दीतिर भएको मानिन्छ । त्यस हिसाबले यो मन्दिर र मेलाको इतिहास लगभग चार सय वर्ष पुरानो छ। सदियौं पुरानो इतिहास र मान्यताहरूलाई कति विश्वास गर्ने ? त्यो व्यक्तिगत स्वतन्त्रताको कुरा हो। तथापि गढीमाई विश्वका आम हिन्दूको धार्मिक आस्थामा गहिरोसँग गाँसिएको छ । नेपालमैं रहेका अरू मन्दिरहरूको तुलनामा यो मन्दिर औसत हो। तर यहाँको धार्मिक विश्वास र आस्था भने धेरै अग्लाअग्ला छन्। प्यागोडा शैलीमा निर्माण भएको यो मन्दिरको मूर्ति कसले र कहिले स्थापना भयो ? वा आफैं उत्पन्न भयो कि कसैले बनाएर राखेको हो भन्नेबारे अहिले पनि मत अभिमतहरू बाझिन्छन्। तथापि यो शक्तिपीठसँग गाँसिएका फरक मान्यता र आस्थाका कारण यसको धार्मिक भव्यता अरूभन्दा निकै पृथक छ।

हरेक पाँच वर्षमा लाग्ने यो मेलाको एक महीने अवधिमा हजारौं पशुपक्षीको प्राण चढाइन्छ। तर त्योभन्दा अघि उनै मन्दिरका संस्थापकका पुस्ता अर्थात् मूल पुजारी आफैंले नरबलि दिने प्रचलन छ। त्यो भनेको मान्छेकै बलिको नाउँमा शरीरका विभिन्न पाँच अङ्गको रगत निकालेर मूर्तिमा चढाइन्छ । त्यसपछि मुसा, बोका, परेवा, कुखुरा अनि राँगाको बलि चढाइएपछि बल्ल सर्वसाधारणले आफ्नो भाकल, इच्छा र हैसियत अनुसार पशुबलि चढाउँछन्। त्यसमध्ये सबैभन्दा बढी राँगाको बलि चढाइन्छन् । यकीन तथ्य र तथ्याङ्कहरू नभए पनि यहाँ हरेक वर्ष ३० देखि ४० हजार राँगाहरूको बलि चढाइन्छ। अरू पशुपक्षीको खासै गणना रहँदैन ।

धर्म भनेको हरेक व्यक्तिको आफ्नै मौलिक र निजी स्वतन्त्रताको कुरा हो। त्यसैले नेपाल पनि धर्मनिरपेक्ष राष्ट्र हुनेछ भनेर संविधानमैं लेखिएको छ । यो वैयक्तिक स्वतन्त्रता कतै–कसैबाट हनन् हुनुहुँदैन। यो एउटा मानव अधिकारको पनि कुरा हो। अनि धर्म भनेको धारण पनि हो । त्यो भनेको हरेक प्राणीको जीवनको आफ्नो शैली, स्वभाव र अनुशासन हो । हरेक धर्मका आआफ्नै महत्त्व छन्। विश्वास र आस्था छन्। आफ्ना मान्यताहरू छन्। कुनै धर्म र आस्थाको महानता अर्कोसँग तुलना हुँदैन र हुनुहुँदैन। यो मेलाका क्रममा हजारौं प्राणको ज्यान हरण हुने गरेको भन्दै विरोध र आलोचना हुँदै आएको छ । हरेक प्राणीलाई मान्छेजस्तै स्वतन्त्र बाँच्ने अधिकार रहन्छ र हुन्छ नै। तर एउटा आस्था, विश्वास र धारणाले बाँधिएको यो प्राकृतिक चक्रलाई त्यही अनुसार स्वीकार गर्नुपर्छ । शिक्षा र चेतनाको विकाससँगै यस्ता मान्यताहरू बिस्तारै स्थापित हुँदै जान्छन् । यद्यपि अहिले विश्वभरि नै पशु अधिकारका लागि कैयौं अभियानहरू चलिरहेका छन्। कतिपय देशहरूले पशु अधिकारको कानूनसमेत बनाइसकेका छन्। नेपालले पनि बिस्तारै पशु अधिकारका लागि कानूनहरू बनाउने, बलिप्रथा व्यवस्थित र नियन्त्रण गर्दै लैजाने जस्ता कामहरू क्रमिकरूपमा गर्दै आएको छ।

जे जस्तो भएपनि गढीमाई पनि त्यस्तै एउटा समूह र समुदायको आस्थाको एउटा केन्द्र हो। कुनै एउटा समुदायको पुस्तैनी इतिहास गाँसिए पनि यो मन्दिर र मेलाको महत्त्वलाई आम समुदायले नै अपनत्व दिएको पाइन्छ । पञ्चवर्षीय यो मेलामा हरेक व्यक्ति, समुदाय र वर्गका बीच आपसी मेलमिलाप, सद्भाव र प्रेमभाव प्रकट भएको देखिन्छ । त्यसैले यो मेला एक प्रकारले भन्ने हो भने धार्मिक र सामाजिक सद्भावको एउटा उत्कृष्ट सङ्गम पनि हो। रासस

# परिचय

(लघुकथा)



नवराज रिजाल
सम्पर्क : ९८५११३८६२४
पेशा : प्राध्यापन/पत्रकारिता

'क' समूहले रमेशको गाउँमा कार्यक्रम राख्यो । केहीले तिनीहरूका विचार, धारणा र माइता सुने। ऊ त्यो समूहबाट ज्यादै प्रभावित बन्यो । अन्त्यमा प्रदर्शन गरिएको जुलुसमा सहभागी बन्यो। सहभागी नहुनेहरूले उसलाई 'क' समूहको व्यक्ति ठाने ।

केही पछि 'ख' समूहले त्यस्तै कार्यक्रम उसकै गाउँमा आयोजन गऱ्यो । तिनीहरूका विचार र धारणा पनि आकर्षक नै थिए। ऊ तिनीहरूबाट पनि प्रभावित नभई रहन सकेन । शुरूदेखि अन्त्यसम्म श्रोता भएर बसेपछि निकालिएको भव्य र आकर्षक जुलुसमा सामेल भयो, टाढाबाट नियाल्नेहरूले उसलाई 'ख' समूहको माने ।

अघिल्ला दुई समूहको जस्तै कार्यक्रम करीब दुई महीनापछि 'ग' समूहले पनि गऱ्यो । त्यसमा आसीन वक्ताहरूको मन्तव्यपछि उसले अघिल्ला दुईभन्दा यो समूह उपयुक्त, गतिशील र विकासप्रेमी भएको ठहर गऱ्यो र जुलुसमा सहभागी बन्यो। चिन्ने जान्ने सबैले उसलाई 'ग' समूहको व्यक्ति सोचे।

तर ऊ तिनीहरूको परिभाषादेखि असन्तुष्ट थियो। ऊ मान्छेको अविभाजित परिभाषा पहिल्याउन चाहन्थ्यो । मान्छे केवल मान्छे हो, अरू होइन यस्तै सोच्थ्यो । मान्छे त मान्छे मात्र हुन सक्छ कल्पना गर्थ्यो।

आफू सिङ्गो मान्छे भएको देखाउन केही समय ऊ चुपचाप लाग्यो । कतै देखिएन र मत पनि जाहेर गरेन । यहाँसम्म कि गत निर्वाचनमा समेत मतदान गरेन ।

निर्वाचन सकिएको केही समयपछि समातियो। ऊमाथि मतदान नगरेकोमा अभियोग थियो। यतिखेर ऊ अभियोगपत्रलाई हातमा खेलाउँदै समाजतिर जिज्ञासु नजरले हेरेर सोधिरहेको छ, "मान्छेको परिचयपत्र यही हो त ?"

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

२०औं शताब्दीका प्रसिद्ध वैज्ञानिक थोमस अल्वा एडिसनले एक हजारभन्दा बढी आविष्कारहरूको पेटेन्ट गराए । हामीलाई लाग्छ हरेक आविष्कार एकैपटकमा भयो होला ? तर धरातलमा गएर हेर्ने हो भने हामीलाई थाहा हुन्छ कि एउटा आविष्कारको लागि एकपटक हैन, दुईपटक हैन, सयौंपटक प्रयोग गर्नुपरेको थियो। उनी ९९ पटक असफल भएका थिए, तब सयौंपटकको प्रयोगमा सफल भए । कतिपटक त पाँच/छ सयपटक पनि प्रयोग गर्नुपरेको थियो । भनिन्छ, बिजुलीको बल्ब बनाउनको लागि उनलाई हजारपटकको प्रयोगमा मात्र सफलता मिल्यो। यसको आविष्कारमा समय पनि धेरै लागेको थियो । हामी पुराना प्रयोगहरूलाई बिर्सन्छौं, जहाँ हामीलाई असफलता मिलेको थियो । हामीलाई सफलताको कथा मात्र याद रहन्छ। तर हामीले याद राख्नुपर्ने कुरा यो छ कि प्रत्येक सफलताको पछाडि धेरै असफलताका कथाहरू हुन्छन्। तर महापुरुष त्यो हो– जो निराश हुँदैन, उसलाई थाहा हुन्छ कि एक दिन अवश्य सफलता हासिल हुनेछ। उसले यही भर ोसा, उत्साह र उमङ्गले भरिएर पटकपटक प्रयोग गर्न जारी राख्छ । एउटा साधारण मानिस तथा सन्तमा खासमा यही फरक छ । भगवान्को तर्फबाट केही फरक गरिएको छैन । फरक छ भने हाम्रो दृष्टिकोण तथा हाम्रो हेराइमा फरक छ।

जुन मानिसको घरमा सामानहरू यताउति छरिएका छन, जहाँतहाँ फयाँकिएका छन्, आवश्यक परेको सामान खोज्दा पनि भेटिंदैन। सामानहरू त्यहाँ छन्, जुन सामान त्यहाँ नहुनुपर्ने थियो। यस्ता मानिसहरूलाई जीवन एउटा निरर्थक भटकाउ जस्तो लाग्न सक्छ। यिनीहरूलाई लाग्छ कि सबै थोक निरर्थक छ, कुनै चीजको केही उपयोग छैन । जीवनको अर्थ तब आउनेछ, जब हामी चीजहरूलाई सुव्यवस्थित गर्नेछौं । तब हाम्रो जीवनको एउटा उद्देश्य पैदा

क्रमशः

## गजल



होमशङ्कर बाँस्तोला
पुरस्कार/सम्मानः जनान्दोलन घाइते सम्मान (नेपाल सरकार) २०६३, भानुभक्त काव्य पुरस्कार, २०७१, यज्ञराज घले संस्था पुरस्कार, २०७४, प्रेस काउन्सिल साहित्यक पत्रकारिता पुरस्कार, २०७६

ओ हो ! मित्र कति मजा पिएर त हेर
कति दुख्दो रै'छ भित्र जिएर त हेर

जिन्दगीको बाटो सँगसँगै हिंड्ने भए
तिम्रै दिलमा मेरो माया सिएर त हेर

खुशीहरू भत्किएर बनेका ती घाउ
मेट्नलाई हाँसैहाँसो लिएर त हेर

अन्यायका खम्बाहरू ढाल्ने भए यहाँ
माटोलाई आफ्नै रगत दिएर त हेर

# साइनो

कविता



डा छायादत्त न्यौपाने 'बगर'
सम्पर्कः ९८५११५७१९३
पेशाः लेखन, सम्पादन तथा प्राध्यापन

सान हाम्रो हिमाली !
गौरव गाथा नेपाली
स्वाधीन छौं शिर उचाली ?

कर्ममा मान बाँच्छ
इमानमा सान बाँच्छ
अनुशासित मान्छे बाँच्छ !

मल बीउको कथा
सडकतिर किसान
निद्रामग्न छ सरकार ?

म आफैं जाममा छु
बल्झिन्छु निजी कथामा
बाटोमा अहङ्कारी आग्लो ?

हामी सबै आफन्त
मान्छे एक्लै, एक्लै यहाँ
चेतनाले धनी छ मान्छे !!


साइनो र सिर्जना
काम कर्तव्य साधना
मान्छेको जीवन वन्दना !

सकसमा छ मान्छे
भीडभित्र एक्लै मान्छे
मान्छेकै निसाना भो मान्छे !

धेरै भो छिनाझम्टी !
खै विवेकी राजनीति ?
मेरो गोरुको बाह्रै टक्का ?

# नेताजी

कथा



डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

नन्दनगरको नजीक सुन्दरपुर भन्ने एक गाउँ थियो। गण्डक नहरबाट ओर्लेर सोझै त्यहीं गाउँमा पुगिन्थ्यो । त्यही गाउँमा एक महल थियो, जसमा नेताजीको निवास थियो । उनको नाम त थियो, रामअयोध्या तर सबैले उनलाई नेताजीको नामले नै चिन्थे। उनको नाममा राम र अयोध्या दुवै थियो । तर उनको काम राम वा अयोध्या भएको कसैलाई थाहा थिएन । यसो उनी धेरै विनम्र नेतामा गनिन्थे । यसै विनम्रताको बलमा उनी गाउँभरिको जमीनलाई आफ्नो बनाउनमा सफल मात्र भएका थिएनन्, बरु थरुहटमा त्यसभन्दा पनि बढी खेत आर्जन गरिसकेका थिए। तर नेताजीको आर्जन गर्ने बानी बूढेसकालसम्म पनि समाप्त भएको थिएन । उनले आर्जन गर्नका लागि यति बढिया बढिया नुस्खा जानेका थिए कि नन्दनगरका शहरियाहरूले पनि उनको अगाडि पानी भर्थे । उनको टक्करमा नन्दनगर शहरले कोही पैदा गर्न सकेको थिएन। यस्तै एक योजना उनको दिमागमा फुरेपछि उनी सुनाउन र जिस्काउनको लागि आफ्नो काका पर्ने परमेसरकोमा गए । नेताजीले परमेसरलाई नन्दनगरमा एक कट्ठा जग्गा दिलाएबापत उनको २२ कट्ठा खेत अहिले नै आफ्नो बनाएका थिए । नेताजीलाई नेता बनाउनमा परमेसरको ठूलो हात थियो। नेताजीले अक्सर भन्ने गर्थे– म पैसा कमाउँदिनँ, म रिश्वत लिदिनँ । चाटुकार र गलत दोस्तको सङ्गत गर्दिनँ। म त्यही अनुसार आफ्नो जीवन व्यतीत गर्छु, जो हाम्रो शास्त्र संस्कारमा बताइएको छ। अरू कुरामा त भन्न सकिन्न तर वास्तवमा नेताजीले शराबलाई छुँदा पनि छुँदैनथे। ठूलोठूलो पार्टीमा नेताजी जाने गर्थे। स्वयम् आफूले पनि अरूलाई पार्टी दिने गर्थे। अरूलाई उनको पार्टीमा उनी शराबको व्यवस्था गरिदिन्थे । तर आफूले शराबलाई हात पनि नलगाउने उनको प्रतिज्ञा थियो।

यस्ता विनम्र, निरामिष र परमपुज्य नेताजी आफ्नो काका परमेसरकोमा अक्सर जाने गर्थे र त्यस दिन पनि गए र उनीसँग कुराकानी गर्न थाले– "के भनूँ काका। जबदेखि भूमिसुधार आएको छ, तबदेखि नै हामी झगडा र झन्झटले हैरान छौं। यो त राम्रै भयो कि मोहीवाला खेत दिदीलाई दिइहाले । अब त्यसले निपटारा गरोस् मोहीसँग । अब राम्रो मानिसलाई गाउँ रहनलायक रहेन। जमीन जायदाद सम्पति नभएको भए म नन्दनगरमा नै घर बनाएर त्यहीं स्थायी बसोबास गरी हाल्थे ।

काकाले नेताजीको कुरा सुनिरहेका थिए। उनलाई थाहा थियो कि भतिजले यस्तो किन भनिरहेको छ ? भतिज नेता त बनिसकेको छ तर उनको दिमाग पनि कम थिएन । उनको जमानामा परमेसरविना कुनै पञ्चायती हुँदैन थियो। उनको अनुपस्थितिमा पञ्चायत स्थगित हुन्थ्यो। परमेसर एक बेहद इमानदार र चतुर व्यक्ति थिए। त्यो त परिस्थितिले यसरी बाध्य बनायो कि उनको सम्पत्ति बिक्री भयो। पारिवारिक बोझले उनलाई थिचिदियो अन्यथा यस्तो नेताजी उनी स्वयम् बनाउँथे। नेताजीलाई पनि उनले नै बनाएका थिए, नत्र के नेता हुन्थ्यो ऊ ? परमेसर एक बेहद र चतुर व्यक्ति थिए। उनले बडो चतुराइपूर्वक नेताजीप्रति व्यङ्ग्यबाण छोडे– "बाबु सचमा गाउँ अब रहनलायक रहेन । तर म कहाँ जाऊँ ? तिमी त कुनै पनि शहरमा गएर बस्न सक्छौ । त्यहींबाट आफ्नो श्रीसम्पत्तिको देखभाल गर्न सक्छौ। तर मलाई त यहीं जिउनु र यहीं मर्नु पनि छ। गाउँका मानिस नराम्रा छन् भने हामी पनि किन नराम्रो बनौं ? अब चन्दरले मेरो खेत जबरजस्ती जोतिलियो, तब उनी त गाउँका मान्छे थिएनन् नि। उनी त आफन्त नै हुन्। तिम्रो काका पनि हुन् उनी । सबै कुरा तिम्रो सामुमा घटित भए । बाबु यदि गाउँका मान्छे यति नराम्रा छन् भने तिमी नेताहरूले उनीहरूलाई सुधार्न कुनै उपाय किन गर्दैनौं ? के कुनै उपाय छैन ?

नेताजीले भने– "सुधार्ने उपाय मैले निकालिसकेको छु काका तर तपाईंलाई बताउँदिनँ ।" नेताजी पनि कम चलाख थिएनन्। उनले काकालाई जवाब दिए– "छाडिदिउँ भने त गाउँलेहरूले झन् रहन दिंदैनन्। म आजै गइरहेको छु, यसको उपाय निकाल्न ।" काकालाई केही समझमा आएन कि के उपाय भतिजले निकाल्ने छ । गाउँभरिका मानिसलाई सुनाइरहन्छ कि गाउँमा रहेर के हुन्छ ? शहरमा रहनुपर्छ । तर गाउँमा नै जमीनमाथि जमीन खरीद गरिरहेको छ। स्वयम् मेरो २२ कट्ठा शहरको एक कट्ठाको बदलामा लिइहाल्यो । सम्पूर्ण गाउँमा उसकोबाहेक जमीन कसैको छैन। एक अर्को गाउँमा ५० बिघाको चकबन्दी नै लिइहाल्यो। यो त एक नम्बरको घाघ भइसकेको छ। गाउँका जुन मान्छे पनि यसको नजीक जान्छ, त्यसलाई गाउँमा रहनु ठीक हुँदैन भने मात्र सिकाइरहन्छ। स्वयम् गाउँमा एकछत्र राज गर्छ । काकालाई के थाहा कि उसको उपाय के के हुनेवाला छ ? उनलाई राजनीतिक हलचल वा गाउँको छलकपट एवं चलखेल केही थाहा थिएन । काका राणाहरूको जमानाका मान्छे थिए, जो बूढो शेर भइसकेका थिए।

उता मोटरसाइकल चढेर नेताजी नन्दनगर पुगे। धेरै दिनदेखि उनी आफ्नो योजनामा काम गरिरहेका थिए । के हुन्छ शहर गएर ? गाउँका मान्छेलाई मजा पनि चखाइदिनेछु र आफ्नो वारा न्यारा पनि हुनेछ । आज आफ्नो योजनालाई मूर्तरूप दिनैपर्छ। म शहर किन जाने ? मैले गाउँलाई नै शहर बनाइदिउँ भने कति राम्रो हुनेछ ? शहर बनाउनको लागि के चाहियो ? एक पिच रोड बनाइदिए बस गाउँ शहर बनिहाल्नेछ। एउटा सडक बस काम खत्म। नन्दनगरबाट सुन्दरपुर गाउँको दूरी बस १० माइल मात्र त छ, शहर त भइ नै हाल्छ । साराका सारा जमीन मेरो हो, उनको मूल्य आसमान छुन थाल्नेछ। हाम्रो जमीन सोना होइन, हीरा हुनेछ। पुस्तौं पुस्ता मोजमा बित्नेछ। तर नेताजीले आफ्नो काम सोझै स्वयंले गर्दैनन्। त्यही काम अरूसँग नै गराइहाल्ने उनको गजबको कला थियो। यसले गर्दा कुनै पनि कामको अपजस उनीमाथि कहिले पनि आउन सकेन । यसै गुणले उनी घाघ नेताजीमा दरिएका थिए । उनले मोटरसाइकललाई नन्दनगरको प्रधानको घरनजीकै रोकिदिए। प्रधानले नेताजीको सम्मान गर्थे । नेताजीले हर्न बजाए र भित्र दाखिल भए। एक सोफामा प्रधान साहेब बसेका थिए। उनले उभेर नेताजीको स्वागत गरे र सोधे– नेताजी तपाईंले यहाँ आउनको लागि किन कष्ट गर्नुभयो ? मलाई नै बोलाएको भए, म तपाईंकहाँ आइहाल्थे नै ?

नेताजी– "त्यो त हो तर म तपाईंलाई बोलाउन नै आएको हुँ। हिंड्नुस् मसँग । प्रधानज्यूले कहाँ कहाँ भनिरहे नेताजीले उनको बाह समातेर फिस्स हाँस्दै खडा गरिएको मोटरसाइकलमा बसाए र आफ्नो गाउँ सुन्दरपुर ल्याए। उनलाई चिया र नास्ता गराएर भने– "म तपाईंलाई यहाँ एउटा कष्ट दिनको लागि ल्याएको हुँ। साँच्चै तपाईंलाई कष्ट नै हुनेछ। तपाईं शहरका भलमानस हुनुहुन्छ, खेतमा चल्ने बानी छैन। तर आज तपाईंले खेतमा चल्नुपर्छ।" प्रधानज्यू उनको साथ गाउँबाहिरको माईस्थान मन्दिरसम्म आए। बाहिर ल्याएर नेताजीले उनलाई आफ्नो खेत देखाउन शुरू गरे। जहाँसम्म प्रधानज्यूको दृष्टि जान्थ्यो, त्यहाँसम्म खेत नै खेत । सबैमा गहुँका बालाहरू लहराइरहेको थियो । गाउँदेखि नन्दनगरसम्म सोना उगल्ने खेतमा सोना जस्तो वालाहरू बिखरेको थियो । प्रधानज्यूले भने– "यो त देखे नेताजी । यसैले त तपाईं गाउँलेहरू हामी शहरवासीलाई जित्नुहुन्छ। यति सम्पन्नता जहाँ छ, त्यहाँ हामी शहरवासीको के औकात ?

नेताजी– "यसरी नभन्नुस् प्रधानज्यू। यही बुझ्नुस् कि तपाईं पनि यसै औकातमा सामेल हुनेवाला बन्नुहुनेछ।"

"कुन र कस्तो औकात ?"

"यहाँ बताउँदिनँ । हिंड्नुस यहाँको काम भयो।"

नेताजीले फेरि प्रधानज्यूलाई घर ल्याए। उनले मनमने सोचे कि प्रधानज्यू त स्वयं हामीभन्दा पनि सम्पन्न व्यक्ति हुन्। तर पनि हाम्रो जमीन हेरेर उनको ईर्ष्या जागेर आयो । यी जमीनदारहरू पनि कम्ती लालची हुँदैनन् । नेताजीले फेरि आफ्नो मोटरसाइकलमा उनको आफ्नो घर पुऱ्याएर आफ्नो सारा योजनालाई सम्झाइदिए । प्रधानज्यू त नेताजीको योजना सुनेर भौंचक भए । यी त हामीले सोच्ने कुरा हो किनभने नन्दनगरको म मेयर हुँ। यिनले कसरी सोचिहाले ? खैर जसले पनि सोचे नेताजी तपाईंको यो प्लान अनौठो छ । मैले आजैदेखि यस प्लानमा लाग्नेछु। हेर्नुहोला कि अञ्चलाधीश, सिडिओ, एसपी, डिएसपी र वडाध्यक्षहरूले कसरी सिनो खान झुम्मिनेछन् ? नेताजी अति प्रसन्न भएर त्यहाँबाट फर्के।

अर्को दिन प्रधानको आफिसमा एक मिटिङ बस्यो, जसमा अञ्चलाधीश, सिडिओ आदि सबै हाकिम उपस्थित थिए। नेताजी यिनमा केवल अञ्चलाधीशसँग मात्र डराउँथे । अञ्चलाधीशको शक्ति नेताजीभन्दा बढी थियो । नेताजी त्यस मिटिङमा सामेल भएनन्। यो उनको आफ्नै तरीका थियो, आफ्नो काम सहर्ष अरूसँग गराइहाल्ने। त्यस मिटिङमा सुन्दरपुरदेखि नन्दनगरसम्म एक सडक बनाउने प्रस्ताव पास भयो। माथिबाट मन्जुरी नपाएपनि अञ्चलाधीशले आफ्नो बलमा नक्शा पनि बनाउन लगाएर तयार पारे । नक्शा लिएर खुशीपूर्वक प्रधानज्यूले नेताजीलाई बोलाएर देखाए। नक्शा हेरेर नेताजीको तलुवाको जमीन नै खस्कियो । उनको भङ्गिमा देखेर प्रधानज्यूले सोधे– "किन नेताजी खुशी हुनुभएन ? यो त तपाईंकै योजना हो।"

त्यो त हो प्रधानज्यू । तर यसमा परमेसर काकाबाट लिएको जमीन सखाप भइरहेको छ । यसो त चारैतिर मेरै जमीन छ तर त्यो २२ कट्ठा नपरोस् भन्ने म चाहन्छु। तपाईंले फेरि मिटिङ बोलाउनुस्। म स्वयम् त्यसमा उपस्थित हुनेछु। फेरि मिटिङ बोलाइयो। त्यसमा उपस्थित भएर नेताजीले अनजान बनेर भने– "अञ्चलाधीशज्यू, म यस क्षेत्रको नेता हुँ। यति ठूलो योजना मलाई पत्ता पनि लागेन किन ?" अञ्चलाधीशले भने– पत्ता त लागि नै हाल्छ। तपाईंविना यो काम कसरी सम्पन्न हुनेछ ? तपाईंको जमीन पनि त सोना भइहाल्छ। यसमा तपाईंले अडङ्गा नलगाउनुस्। तपाईं केवल विकास मात्र हेर्नुस् कि हामीले कसरी गर्दैछौं ?"

नेताजीले भने– "अञ्चलाधीशज्यू तपाईंले अडङ्गा जस्तो शब्द ममाथि प्रयोग गर्दै हुनुहुन्छ। के सम्झनुहुन्छ तपाईं ? जे मनमा आउँछ, त्यो गर्नुहुन्छ । आखिर मेरो पनि केही हैसियत छ कि छैन ?"

"होइन होइन, तपाईंको हैसियत किन छैन ? म अञ्चलाधीश मात्र हुँ, तपाईं यस इलाकाको नेताजी । भोलि मन्त्री बन्नुहुन्छ, म त बन्नेछैन," अञ्चलाधीशले नेताजीमाथि व्यङ्ग्यबाण छोडे। नेताजी तिलमिलाए । उनलाई थाहा थियो कि नेताभन्दा अधिक शक्ति त अञ्चलाधीशमा हुन्छ । अञ्चलाधीशले रिपोर्ट लेखिदिए भने त नेतागिरी नै समाप्त हुनेछ। उनी चुप्प लागे। मनमनै भने, खैर योजना त मेरै थियो । फेरि बिन्तीको स्वरमा भने– "ठीक छ, अञ्चलाधीशज्यू। म विकासको काममा बाधा डाल्नेछैन । म मान्छु कि तपाईंले जे चाहनुभयो, त्यही हुन्छ तर एउटा कुरा मेरो पनि मानिलिनुस्।"

"हुन्छ, कुन कुरा ?"

"यो जुन नक्शा छ, त्यसलाई यहाँदेखि अलि पूर्वतिर मोडिदिनुस्। यसले सडक सोझो भएर अलि मोड लिएको हुन्छ तर मेरो २२ कट्ठा खेत बच्नेछ । यस्तो गर्नमा कुनै बाधा पनि छैन किनभने काम अहिले शुरू भएको छैन।"

अञ्चलाधीशले सोचे कि अब नेताजी सोझो बाटोमा आएछन् । धेरै बकबक गरिरहेका थिए। अब समझमा आएको छ। उनले भने– "नेताजी तब यो किन पहिले भन्नुभएन ? जानुस् तपाईंले जे चाहनुहुन्छ, त्यही हुनेछ। ए इन्जिनीयर सडक नेताजीले भने अनुसार मोडिदेउ।" अञ्चलाधीशले इन्जिनीयरलाई हुकुम गरे।

मिटिङ समाप्त भयो । नेताजी खुशीखुशी घर फर्के। अञ्चलाधीशलाई लाग्यो कि उनले नेताजीको औकात देखाइदिए। नेताजीलाई लाग्यो कि उनले कसरी आफ्नो योजनामा सबैलाई सामेल गराएर देखाइदिए ? यसरी उनले २२ कट्ठा जग्गा बचाए तर सडकले मोड लिएकोले रहमत, साबिर र परमेसरको सखाप भएर गाउँबाट उजाडिए । तर नेताजीलाई यसको के मतलब ? उनका त समस्त खेत सोना होइन हीरा भइसकेका थिए। त्यसपछि नेताजी फेरि दुई गुणा उत्साहले यस्तै अर्को लोकसेवामा लागे।

जानकी विवाह ...

अनि कैयौंले हल्लाउन पनि नसक्ने धनुषलाई जानकीले कपासले जस्तै उचालेर त्यहाँको भुइँ पोतेको जनकलाई आमाले बताउनुभयो । जनक अचम्भित होइन, विस्मित भएका थिए। जानकीलाई अद्भुत अवतार मानिएको थियो ।

जानकी विवाहमा धेरै तिलक दिइएको थियो। तिलकको सन्दर्भ सबैजसो रामायणमा आएको पाइन्छ । जानकी पिता जनकको वास्तविक नाम सिरध्वज थियो। सिरध्वजले जानकीको विवाहलाई सम्भव भएसम्मको भव्य बनाउने प्रयास गरेका थिए। धनधान्यले राज्य परिपूर्ण थियो। जनकराज्यको उत्कर्षको बेलामा नै जानकी विवाह सम्पन्न भएको थियो। जानकीको विवाहपछि बिदाइको समयमा दिइएको तिलकको उल्लेख जुन रूपमा विभिन्न रामायणमा पाइन्छ, त्यसले उक्त समयको एउटा प्रथालाई पनि उजागर गर्छ। यद्यपि समाजमा अहिलेसम्म पनि जानकी विवाहमा धेरै तिलक दिइएको चर्चा भइरहन्छ र यसको प्रभाव नै हो कोही पनि पिताले आफ्नी पुत्रीको विवाहमा कुनै पनि हालतमा खाली हात पठाउन चाहँदैनन् ।

जानकी विवाहको समयमा उनको उमेर आठ वर्षको थियो भनिन्छ। अनि कतिपय सन्दर्भमा जानकीको उमेर विवाहको समयमा केवल छ वर्षको भएको पनि उल्लेख पाइन्छ। रामको उमेर १३ वा १४ वर्ष रहेको उल्लेख पाइन्छ । कतिपयले वाल्मीकि रामायणमा रामको उमेर १३ र सीताको उमेर छ वर्ष उल्लेख भएको बताउने गरेका छन् तर कतैकतै यस श्लोकलाई मध्यनजर गर्दै दुवैको उमेर फरक रहेको बताइन्छः

**वर्ष अठारह की सिया, सत्ताइस के राम।**
**कीन्हो मन अभिलाष तब, करनो है सुर काम ॥**

अर्थात् विवाहको समयमा रामको उमेर २७ वर्ष र जानकीको उमेर १८ वर्ष रहेको थियो। हाम्रो समाजमा पनि प्रचलनमा रहेका विभिन्न लोकगीत तथा अन्य किंवदन्तीहरूमा जानकीको उमेर कमै रहेको सङ्केत पाइन्छ। यद्यपि हाम्रो समाजमा दुलहालाई 'लइका' र दुलहीलाई 'लडकी' भन्ने गरिएको पाइन्छ। उमेरले खासै प्रभाव पार्दैन यस सन्दर्भमा। यद्यपि जानकीको विवाहको सन्दर्भमा भने अन्य विभिन्न भनाइहरू पनि प्रचलनमा रहेका छन्।

जानकीलाई आदर्श माता मान्ने गरिन्छ। अत्यन्त सहनशील र कोमल हृदयकी जानकीको जीवनलाई विद्रोहिणीको दृष्टिकोणले पनि अध्ययन गर्न सकिन्छ।

# अन्तर्राष्ट्रिय समाचार

## भारतको केन्द्रीय बैंकले ब्याजदर यथावत् राख्ने

मुम्बई, भारत, २१ मङ्सिर/एएफपी

विश्वको पाँचौं ठूलो अर्थतन्त्र भारतको केन्द्रीय बैंकले मुद्रास्फीति जोखिमलाई आधार मानेर शुक्रवार ब्याजदरमा कुनै परिवर्तन गरेको छैन।




रिजर्भ बैंक अफ इन्डियाले भनेको छ, "बैंकले सन् २०२३ फेब्रुअरीदेखि कायम रहेको महत्त्वपूर्ण ब्याजदर ६.५० प्रतिशतमा यथावत् रहनेछ।"

अमेरिकी फेडरल रिजर्भसहित विश्वका प्रमुख केन्द्रीय बैंकहरूले कम मुद्रास्फीतिलाई मध्यनजर गर्दै ब्याजदरलाई समायोजन गर्दै घटाउने सहज चक्र शुरू गरेका छन्। फेडले सेप्टेम्बरमा चार वर्षमा पहिलोपटक ब्याजदर कटौती गरेको थियो।

भारतमा खुद्रा सामानको मुद्रास्फीति मौद्रिक नीति निर्माताहरूको चार प्रतिशतको लक्ष्यभन्दा माथि रहेको छ र अक्टोबरमा १४ महीनाको उच्च ६.२१ प्रतिशतमा पुगेको छ।

आरबिआईका गभर्नर शतिकान्त दासले बैंकको मौद्रिक नीति समितिले 'आर्थिक वृद्धिको गति सुस्त भएको' कुरालाई ध्यानमा राखेको तर भारतको दृष्टिकोण 'लचिलो' रहेको बताए।

दासले भने, "प्रतिकूल मौसमी घटनाहरूको बढ्दो घटना, बढ्दो भूराजनीतिक अनिश्चितता र वित्तीय बजारको उतारचढावले मुद्रास्फीतिमा उल्टो जोखिम निम्त्याएको छ।"

भारतीय रिजर्भ बैंक (आरबिआई)ले केन्द्रीय बैंकमा निक्षेप गर्न ऋणदाताहरूको न्यूनतम नगद मौज्दात अनुपात ४.५ प्रतिशतबाट घटाएर चार प्रतिशतमा झारेको छ।

कम नगद मौज्दात अनुपात तरलता बढाउने उपाय हो किनकि यसले बैंकहरूलाई ऋण दिनको लागि अधिक पैसा दिन्छ।

आर्थिक वृद्धिमा मन्दीको सङ्केत देखिए पनि केन्द्रीय बैंकले ब्याजदरलाई स्थिर राख्ने निर्णय गरेको छ।

भारतको कुल गार्हस्थ्य उत्पादन (जिडिपी)को वृद्धिदर सेप्टेम्बर त्रैमासिकमा ५.४ प्रतिशत रहेको छ, जुन सुस्त उत्पादन क्षेत्र र सुस्त शहरी उपभोगका कारण प्रभावित भएको छ।

तथ्याङ्कले भारतलाई विश्वको सबैभन्दा तीव्र गतिमा वृद्धि भइरहेको प्रमुख अर्थतन्त्रको सूचीमा राखेको छ, तर यो सात त्रैमासिकमा विश्लेषकहरूको ६.५ प्रतिशतको अपेक्षाभन्दा कम अर्थात् सुस्त वृद्धिदर थियो।

केन्द्रीय बैंकले चालू आर्थिक वर्षको मार्च ३१ सम्ममा आर्थिक वृद्धिदर ६.६ प्रतिशतमा खुम्चिने प्रक्षेपण गरेको छ।

आरबिआईले मे २०२२ देखि फेब्रुअरी २०२३ को बीचमा ब्याजदरमा २.५ प्रतिशत बिन्दुले वृद्धि गरेको थियो। रासस

## दक्षिण कोरियाको सत्तारूढ दलद्वारा युनको राजीनामा माग

सियोल, २१ मङ्सिर/एएफपी

दक्षिण कोरियाको सत्तारूढ दल पिपुल्स पावर पार्टीका अध्यक्षले राष्ट्रपति युन सुक योलले देशको लागि ठूलो खतरा उत्पन्न गरेको भन्दै उनलाई पदबाट हटाउनु उचित भएको बताएका छन्।

युनको पिपुल्स पावर पार्टीका प्रमुख हान दोङ-हुनको आश्चर्यजनक टिप्पणीले शनिवार राष्ट्रपतिलाई महाभियोग लगाउन पर्याप्त सांसदहरूले मतदान गर्ने लगभग सुनिश्चितता गरेको छ।

हानले बिहीवार महाभियोगलाई रोक्ने बताएका थिए। पार्टीका अर्का एक नेताले भने शनिवारको मतदानमा युनलाई समर्थन गर्न पिपिपीका सबै १०८ सदस्य एकजुट हुने बताएका छन्।

युनले मङ्गलवार राति सैनिक शासन (मार्शल ल)को घोषणा गरेर केही गलत गरेको स्वीकार गर्न अस्वीकार गरेका कारण शुक्रवार आफ्नो अडान परिवर्तन भएको हानले बताए।

हानले भने, "नयाँ तथ्यलाई ध्यानमा राख्दै गणतन्त्र कोरिया र त्यहाँका जनताको रक्षाका लागि राष्ट्रपति युन सुक योल जिम्मेवारीबाट शीघ्र निलम्बन हुन आवश्यक छ।"

हानले भने, "युनले गैरकानूनीरूपमा हस्तक्षेप गर्ने सैन्य अधिकारीविरुद्ध कुनै कारबाही गर्नुभएको छैन र उहाँले यो कदम गलत थियो भनेर स्वीकार गर्न अझै आनाकानी गरिरहनुभएको छ। त्यसैले, यदि राष्ट्रपति युनले राष्ट्रपतिको पद धारण गरिरहनुभयो भने दक्षिण कोरिया र यहाँको जनताको लागि गम्भीर जोखिम छ। वर्तमान सङ्कटकालीन अवस्था जस्तै चरम कार्यहरू दोहोरिन सक्छन्।"

युनले मङ्गलवार अबेरसम्म नागरिक शासनलाई निलम्बित गर्दै संसद्मा सेना तैनाथ गरेका थिए। विपक्षीहरूको विरोधका कारण केही घण्टामा नै उनले आफ्नो निर्णय परिवर्तन गर्न बाध्य हुनुपरेको थियो।

दक्षिण कोरियाको ३०० सदस्यीय विधायिकामा विपक्षीको बहुमत छ र महाभियोगका लागि आवश्यक दुई तिहाइ बहुमत प्राप्त गर्न पिपिपीबाट केही सांसदले दलबदल गर्नु आवश्यक छ।

रियलमिटरले बिहीवार सार्वजनिक गरेको एक सर्वेक्षण अनुसार राजधानीका ७३.६ प्रतिशत उत्तरदाताले महाभियोगको समर्थन गरेका छन्।

राष्ट्रपतिको राजीनामाको माग गर्दै हजारौं प्रदर्शनकारीले बिहीवार साँझ मध्य सियोल र संसद् भवननजीकै प्रदर्शन जारी राखेका छन्।

महाभियोग प्रस्ताव पारित भएमा संवैधानिक अदालतको फैसला नआउन्जेलसम्म युनलाई निलम्बन गरिनेछ।यदि न्यायाधीशहरूले सहमति दिएमा युनलाई महाभियोग लगाइनेछ र ६० दिनभित्र नयाँ निर्वाचन हुनुपर्नेछ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – सफलता |
| मिथुन – प्रगति | कर्कट – वादविवाद |
| सिंह – यात्रालाभ | कन्या – कडापरिश्रम |
| तुला – सुसमाचार | वृश्चिक – उदरपीडा |
| धनु – विजय | मकर – धनलाभ |
| कुम्भ – भाग्योदय | मीन – बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## स्वीडेन र डेनमार्कबीच सम्झौता

स्टकहोम, स्वीडेन, २१ मङ्सिर/एएफपी

युक्रेनलाई अनुदान दिएपछि आफ्नो भण्डार पुनर्पूर्ति गर्न स्वीडेन र डेनमार्कबीच २०५ बख्तरबन्द लडाकू सवारीसाधनका लागि स्वीडेनको एक सैन्य उपकरण निर्माता कम्पनीसँग सम्झौतामा हस्ताक्षर गरेको छ।

माग गरिएका २०५ थान सिभी ९० गाडीमध्ये ११५ डेनमार्क, ५० स्वीडेन र ४० युक्रेनमा डेलिभरी गरिने स्वीडेन सरकारले जनाएको छ।

बिएई सिस्टम्स ह्याग्लुन्ड्ससँग २.३ अर्ब अमेरिकी डलरको सम्झौता भएको छ, जुन पहिले स्वीडेन र डेनमार्कले दान गरेको रकमबाट वित्तपोषित हुनेछ।

स्वीडेनका रक्षामन्त्री पाल जोन्सनले भने, "यी लगानीले युरोप र विशेषगरी युक्रेनलाई सुरक्षित बनाउन सम्भव बनाउनेछ।"

चेक गणतन्त्र, डेनमार्क, इस्टोनिया, फिनल्यान्ड, नेदरल्यान्ड्स, नर्वे, स्लोभाकिया, स्वीडेन, स्वीट्जरल्यान्ड र युक्रेन गरी १० वटा देशमा सिभी ९० लडाकू सवारीसाधन छन्। रासस








**दाउराको जोहो:** डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-७ का महिलाहरू दाउरा सङ्कलन गरेर घर फर्कंदै। पुस र माघ महीनामा हिमपातले अत्यधिक चीसो हुने भएकोले न्यानो गर्न र खाना पकाउन प्रयोग गरिने दाउराको जोहो स्थानीयले गर्न थालेका हुन्। तस्बिर: लेखबहादुर बुढा/रासस

## सीताराम विवापञ्चमी: स्वयंवर कार्यक्रम सम्पन्न

महेन्द्रनगर (धनुषा), २१ मङ्सिर/रासस

जनकपुरधाममा जारी सप्ताहव्यापी विवाहपञ्चमी महोत्सवको मुख्य दिन शुक्रवार रङ्गभूमि मैदानमा स्वयंवर कार्यक्रम सम्पन्न भएको छ।



आज जनकपुरधामको जानकी मन्दिरबाट बाजागाजासहित कडा सुरक्षाबीच निस्केको डोला रङ्गभूमि मैदानमा पुगेपछि राम मन्दिरबाट गएको डोलालाई तीनपटक परिक्रमा गरेर स्वयंवर सम्पन्न भएको हो। साँझदेखि जानकी मन्दिरको परिसरमा निर्माण भएको आकर्षक विवाहमण्डपमा मिथिला परम्परा अनुसार भगवान् श्रीराम तथा माता सीताको प्रतीकात्मक विवाह हुने कार्यक्रम रहेको जानकी मन्दिरका सहमहन्त रामरोशन दास वैष्णवले जानकारी दिए।

तत्कालीन मिथिलाका राजा जनकले गरेको प्रतिज्ञा अनुसार अयोध्याका राजा दशरथका ज्येष्ठ पुत्र भगवान् श्रीरामले भगवान् शिवको पिनाक धनुषमा प्रत्यञ्चा चढाउँदा तीन टुक्रा भएको थियो। त्यसपछि मर्यादा पुरुषोत्तम भगवान् श्रीरामको शुभ विवाह आजैको पावन तिथिमा माता सीतासँग सम्पन्न भएको स्मरणमा प्रत्येक वर्ष जनकपुरधाममा विवाहपञ्चमी महामहोत्सव आयोजना गर्ने चलन रहेको छ।

आज राति हुने सो वैवाहिक कार्यक्रममा महिलाहरू विवाहका गीतहरू गाउने गर्छन्। विवाहपञ्चमीको सातौं दिन भारतको अयोध्याबाट जन्तीको रूपमा आएका साधुसन्तलाई भोजन गराउँदै बिदाइ गरिन्छ।

### बचतपत्रमा ...

साढे आठ प्रतिशतले रहेको छ। यो ब्याजदर बैंकको मुद्दती निक्षेपभन्दा धेरै आकर्षक भएपनि यसको महत्त्व र फाइदाबारे धेरै नागरिकलाई जानकारी छैन।

बचतपत्र पूर्णरूपमा सुरक्षित लगानी हो। यसमा सरकारले मूलधनको प्रत्याभूति गरेको हुन्छ। साथै बचतपत्रको ब्याज रकम हरेक छ महीनामा खरीदकर्ताको बैंक खातामा सीधैं जम्मा हुन्छ। यसलाई धितो राखेर बैंक तथा वित्तीय संस्थाबाट कर्जा लिन सकिने हुँदा यसमा लगानी गर्दा अन्य क्षेत्रमा पनि लगानीका अवसर खुल्नुका साथै दोस्रो बजारमा यसको सहज कारोबारले बचतपत्रलाई छिटो तरलता प्रदान गर्छ।

बचतपत्रका फाइदाहरू हुँदाहुँदै पनि बचतपत्र लगानीकर्ताको रोजाइमा पर्न नसक्नुका पछाडि प्रचारप्रसारको कमी र धेरै लगानीकर्तालाई यसबारे जानकारी नहुनु रहेको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका उपसचिव प्रकाश पुडासैनीले बताए।

"बचतपत्रप्रति नागरिकको कम आकर्षणका केही ठोस कारणहरू छन्। पहिलो र मुख्य समस्या यसको प्रचारप्रसारको अभाव हो," पुडासैनीले भने, "बचतपत्रको प्राथमिक निष्कासन प्रक्रिया निकै सजिलो भएपनि यसबारे धेरैलाई जानकारी छैन। बजारको सीमित जानकारी र पहुँचले पनि बचतपत्रप्रति लगानीकर्ताको चासो घटाएको हुन सक्छ।"

बैंक तथा वित्तीय संस्थाहरूले मुद्दती निक्षेप र अन्य बचत योजनाको प्रचार व्यापकरूपमा गर्ने भएपनि बचतपत्रका बारेमा पर्याप्त जानकारी प्रवाह गरिएको पाइँदैन।

बचतपत्रलाई तत्काल तरलतामा रूपान्तरण गर्न सकिन्छ। अर्थात् आफूले खरीद गरेको बचतपत्र चाहेको समयमा तत्कालै बेच्न सकिन्छ। "बचतपत्रधनीले आफूले चाहेका बेला बजार निर्माताका रूपमा बैंक तथा वित्तीय संस्थाहरूलाई सजिलै बिक्री गर्न सक्छन्। कसैले बिक्री गर्न चाहेमा बैंकले खरीद गर्दिनँ भन्न पाउँदैन। यस कारण बचतपत्रलाई एकदमै तरल प्रकृतिको मान्न सकिन्छ," पुडासैनीले भने, "जस कारण भोलिका दिनमा बैंकहरूको ब्याजदर बढ्यो भने पनि बचतपत्र बेचेर मुद्दती निक्षेप लगानी गर्न सक्ने विकल्प खुला छ।"

नेपालमा वित्तीय साक्षरताको कमी पनि बचतपत्रप्रति कम आकर्षण हुनुको अर्को कारण हो। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले सञ्चालन गर्ने डोम्स (डिओएमएस) प्रणाली र इन्भेस्टर पोर्टलमार्फत सहजै कारोबार गर्न सकिने भएपनि धेरैजसो नागरिकलाई यी माध्यमहरूको प्रयोगबारे प्रस्ट जानकारी छैन। आमनागरिकले आफ्नो बचतलाई सुरक्षितरूपमा परिचालन गर्न सकिने साधनका रूपमा बचतपत्रलाई बुझ्न सकेका छैनन्।

बचतपत्रमा लगानी आकर्षित गर्न सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले केही सुधारका प्रयासहरू गरिरहेको पुडासैनीले जानकारी दिए। अनलाइन माध्यमबाट सजिलै आवेदन दिन सकिने, बचतपत्रको ब्याज रकम सीधैं खरीदकर्ताको बैंक खातामा जम्मा हुने, दोस्रो बजारको कारोबारलाई सहज बनाउन प्रक्रियागत सुधार र दोस्रो बजारमा कारोबार गरेबापत ग्राहकसँग लिइने शुल्क कटौतीजस्ता प्रयास भएको उनले बताए।

विदेशमा रहेका नेपालीहरूका लागि लक्षित वैदेशिक रोजगार बचतपत्रले उनीहरूको आम्दानीलाई सुरक्षित लगानीमा रूपान्तरण गर्न सहयोग पुऱ्याउने भएपनि त्यो अवसरका सदुपयोग भने हुन नसकेको पुडासैनीले स्वीकारे। "विगतमा केही वैदेशिक रोजगार बचतपत्र एक प्रतिशतभन्दा कम सस्क्राइब (खरीद) भएका उदाहरण पनि छन्। तर पछिल्लो समय बिस्तारै बचतपत्र खरीद गर्नेहरूको सङ्ख्या बढिरहेको छ," उनले भने।

१० प्रतिशत ब्याजदर दिइएका वैदेशिक रोजगार बचतपत्र २०८१, २०८१ 'क', २०८२ र ११ प्रतिशत ब्याज दिइएको २०८५ को एक प्रतिशतभन्दा कम खरीद भएको थियो। साढे १२ प्रतिशत ब्याज दिइएको वैदेशिक रोजगार बचतपत्र २०८४ को भने कुल निष्कासित रकमको ११ दशमलव ३४ प्रतिशत खरीद भएको थियो।

अहिले पनि सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले यही मङ्सिर १२ गतेदेखि वैदेशिक रोजगार बचतपत्र-२०८६ (क) निष्कासन गरेको छ। कुल रु ५० करोड बराबरको निष्कासन रहेको पाँच वर्ष अवधिको यो बचतपत्रमा साढे आठ प्रतिशत ब्याजदर दिइने कार्यालयले जनाएको छ। यो बचतपत्रको ब्याज प्रत्येक छ महीनामा सम्बन्धित खरीदकर्ताको बैंक खातामा सोझै भुक्तानी हुनेछ। घटीमा रु १० हजार र बढीमा कुल निष्कासित रकमको सीमामा नबढाइ रु १० हजारले भाग गर्दा निशेष भाग जाने अङ्कमा खरीद गर्न सकिने कार्यालयले जनाएको छ। पहिलो आवेदन दिनेले पहिले खरीद गर्न पाउनेछन्। वैदेशिक रोजगारमा रहेका र निजका परिवारले खरीद गर्न पाउने यो बचतपत्रको आगामी पुस १४ गतेसम्म बिक्री खुला रहेको छ।

सरकारले बचतपत्रको लोकप्रियता बढाउन थप कदम चाल्नु आवश्यक छ। यसको प्रचारप्रसारलाई तीव्रता दिने, प्रक्रियागत जटिलता हटाउने र वित्तीय साक्षरता अभिवृद्धि गर्नेतर्फ ध्यान दिनुपर्छ। बचतपत्रजस्तो सुरक्षित र लाभदायक उपकरणलाई नागरिकहरूको पहिलो रोजाइ बनाउने हो भने यसले निजी बचतलाई परिचालन गरी राष्ट्रिय अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउन सक्छ।

# इस्कनको आयोजनामा आध्यामित्क कार्यक्रम

प्रस, वीरगंज, २१ मङ्सिर/

इस्कन वीरगंजले शुक्रवार आयोजना गरेको "आफूलाई खोज्नुहोस्" शीर्षकको आध्यात्मिक कार्यक्रमको नगरप्रमुख र अमोघ लीला दासले दिव्य ज्ञान दिँदै शिक्षाबाट सबैले व्यक्तिगत विकास र आध्यात्मिक उत्थानको बाटोमा लाग्ने अवसर प्राप्त गर्ने बताए। प्रकाश थारू, डा सञ्जय अग्रवाल, डा मनोज गुप्ता, डा अशोक दास, वीरगंज युवा समाजका कमल चौगाईं, व्यवस्थित वीरगंज अभियानका दिलीपराज



राजेशमान सिंहले उद्घाटन गरेका छन्।

उनले आध्यात्मिक ज्ञानले मानवजीवनमा ठूलो असर पार्ने बताए। आध्यामित्क ज्ञानले मानिसलाई शान्ति र समृद्धिको बाटोमा हिंड्न मदत पुग्ने बताए। नगरप्रमुख सिंहले इस्कन वीरगंजको भवन निर्माणका लागि महानगरले जग्गा प्रदान गर्ने कुरामा पहल चाल्ने आश्वासन दिए।

कार्यक्रममा तीनजना आध्यात्मिक विभूतिहरू रूपेश्वर गौर दास, पात्री दास

उनीहरूले मानवजीवनमा आइपर्ने समस्याहरूलाई कसरी निदान गर्ने र मानवजीवनमा गर्ने कार्यहरूका बारेमा पनि प्रकाश पारेका थिए। युक्रेनबाट सहभागिता जनाएका पात्री दासले आध्यात्मिक ज्ञानले मानिसमा केही न केही परिवर्तन अवश्य हुने बताए।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष माधव राजपाल, वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक निरोज चौलागाईं, सामाजिक कार्यकर्ता कार्कीलगायतको सहभागिता थियो। कार्यक्रमको सहजीकरण दिवेस मानवसेवाले गरेका थिए।


## आगो, हिटर वा गिजर प्रयोगमा होशियारी अपनाऔं

> आगो वा हिटर नजीकबाट नतापौं,
> कागज, कपडा जस्ता छिटो जल्ने खालका सामग्री आगो वा हिटरको नजीकै नराखौं,
> कोठामा आगो वा हिटर बाल्दा हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं,
> हिटरलाई समयसमयमा बन्द गर्ने गरौं,
> आगो वा हिटर बन्द गरेर मात्र सुतौं,
> आगो, हिटर र बिजुलीको काम सकिने बित्तिकै बन्द गरौं,
> गिजरलाई बाथरूमबाहिर खुला ठाउँमा जडान गरौं,
> बाथरूममा गिजरको प्रयोग गर्दा भेन्टिलेशन खुला राखौं,
> गिजर खोलेर लामो समयसम्म बाथरूममा नबसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

Make your stay with us is a
memorable experience





Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## स्टक ब्रोकर एशोसिएशनको अध्यक्षमा ढकाल

प्रस, वीरगंज, २१ मङ्सिर/

स्टक ब्रोकर एशोसिएशन अफ नेपालको नयाँ कार्यसमितिका लागि शुक्रवार सम्पन्न निर्वाचनमा अध्यक्षमा सागर ढकाल निर्वाचित भएका छन्।



आफ्ना निकटतम प्रतिद्वन्द्वी राजकुमार तिमिल्सिनालाई दुई मत अन्तरले पराजित गर्दै ढकाल अध्यक्षमा निर्वाचित भएका हुन्। यसैगरी, उपाध्यक्ष नितेशकुमार अग्रवाल, महासचिव भक्तिराम घिमिरे, कोषाध्यक्ष मदन पौडेल, सचिव विनय रेग्मी र सदस्यहरूमा जयन्त श्रीवास्तव, विशाल अग्रवाल, प्रियांशु अग्रवाल र जेलिना कँडेल विजयी भएका छन्।

निर्वाचित अध्यक्ष ढकालले पूँजी बजारमा अत्यावश्यक वित्तीय औजार तथा कारोबार औजारहरू मार्जिन ट्रेडिङ, इन्ट्रा डे तथा सर्ट सेलिङ एवं इक्विटी डेरिभेटिभ आदिको विकासका लागि पहल गर्ने, लगानी व्यवस्थापन सेवाका लागि एडभाइजरी सेवा, मार्जिन लेन्डिङ सेवा, प्रत्याभूति सेवाका साथै योग्य संस्थागत लगानीकर्ताको सेवा प्रदान गर्ने वातावरण सृजना गर्ने बताए।

उनले धितोपत्र दलाल व्यवसायी कम्पनीले नेपाल स्टक एक्सचेन्जसमक्ष बैंक ग्यारेन्टी राखी सोको २५ प्रतिशत गुणासम्म कारोबार सीमा प्राप्त गरिरहेकामा त्यस्तो सीमालाई ५० गुणासम्म बनाउन पहल गर्ने, रु २० करोड पूँजी भएका धितोपत्र ब्रोकर्सले मार्जिन लेन्डिङ तथा लगानी व्यवस्थापन सेवा प्रदान गने सम्बन्धी नियमावलीमा आवश्यक संशोधनका लागि पहल गर्ने बताएका छन्।

# खेलकूदको संसार

## कर्णाली याक्सद्वारा चितवन राइनोज पराजित

काठमाडौं, २१ मङ्सिर/रासस

नेपाल प्रिमियर लिगमा कर्णाली याक्सले पहिलो जीत निकालेको छ। त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा आज भएको खेलमा कर्णाली याक्सले चितवन राइनोजलाई छ विकेटले हराएको हो। यस अघि कर्णालीले दुई खेलमा हार बेहोरेको थियो।

चितवन राइनोजले कर्णाली याक्सलाई जीतका लागि १३१ रनको लक्ष्य दिएको थियो। उक्त लक्ष्य कर्णाली याक्सले १९ दशमलव पाँच ओभरमा चार विकेट गुमाउँदै पूरा गरेको हो। कर्णालीका लागि शिखर धवनले सर्वाधिक ४५ रन बनाए। उनले ४१ बल खेल्ने क्रममा एक छक्का र चार चौका प्रहार गरे। यस्तै, चाडविक वाल्टनले ३०, देव खनालले २५, जिशान मकसुदले १२ र अर्जुन घर्तीले ११ रनको योगदान दिए।



बलिङतर्फ चितवनका लागि कप्तान कुशल मल्ल, रवि बोपारा र जान निकोल लोफ्टी–इटनले एक/एक विकेट लिए।

त्यस अघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको चितवनले निर्धारित २० ओभरमा सात विकेट गुमाएर १३० रन बनाएको थियो। चितवनका लागि रवि बोपाराले अविजित रहँदै अर्धशतकीय पारी खेले। उनले ४० बलमा एक छक्का र सात चौकाको मदतमा ५९ रन बनाए। कप्तान कुशल मल्लले २३, विपिन रावलले ११, जान निकोल लोफ्टी–इटन र अमर रौतेलाले नौ/नौ तथा दीपक बोहोराले आठ रन बनाए।

बलिङतर्फ कर्णाली याक्सका लागि विपिन शर्माले तीन, जिशान मकसुदले दुई तथा नन्दन यादव र कप्तान सोमपाल कामीले एक/एक विकेट लिए। चितवनले यस अघि दुई खेल जितेको थियो।

त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा अहिले लुम्बिनी लायन्स र पोखरा एभेन्जर्सबीच अर्को खेल भइरहेको छ। लुम्बिनीले टस जितेर अहिले ब्याटिङ गरिरहेको छ।

## पोखराको पहिलो जीत

काठमाडौं, २१ मङ्सिर/रासस

नेपाल प्रिमियर लिग (एनपिएल)मा पोखरा एभेन्जर्सले पहिलो जीत हात पारेको छ। त्रिवि क्रिकेट मैदान कीर्तिपुरमा शुक्रवार भएको दोस्रो खेलमा लुम्बिनी लायन्सलाई १० विकेटले हराउँदै पोखराले पहिलो जीत हात पारेको हो।




लुम्बिनीले जीतका लागि दिएको १७१ रनको लक्ष्य पछ्याएको पोखराले १६ दशमलव पाँच ओभरमा एक विकेट पनि नगुमाएर पूरा गरेको हो। पोखराको जीतमा दुवै ओपनरको सानदार प्रदर्शन रह्यो। पोखराका लागि एन्ड्रिज गौसले शतकीय पारी खेले। उनले ५५ बलमा पाँच छक्का र १२ चौका प्रहार गर्दै अविजित १०४ रन बनाए। एनपिएलमा गौसले अहिलेसम्मकै बढी रन बनाएर एनपिएलमा शतक बनाउने पहिलो खेलाडी बनेका छन्।

पोखराका अर्को ओपनर दिनेश खरेलले अर्धशतकीय पारी खेले। उनले पनि अविजित रहँदै ६१ रन बनाए। ४६ बलमा चार छक्का र चार चौकाको मदतले उनले ६१ रन बनाए। यो खेलमा पोखराले अतिरिक्त ११ रन पायो। एनपिएलमा यो पोखराको पहिलो जीत हो।

पोखरा आफ्नो पहिलो खेलमा चितवन राइनोजसँग ८७ रनको फराकिलो अन्तरले पराजित भएको थियो भने दोस्रो खेलमा जनकपुर बोल्ट्ससँग सात विकेटले पराजित भएको थियो।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गर्ने निर्णय लिएको लुम्बिनीले निर्धारित २० ओभरमा पाँच विकेट गुमाएर १७० रन बनाएको थियो। लुम्बिनीका लागि कप्तान रोहित पौडेलले अर्धशतकीय पारी खेले। उनले अविजित रहँदै ५९ बलमा चार छक्का र १० चौका प्रहार गर्दै सर्वाधिक ९५ रन बनाए। टम मूर्सले ४५, सन्दीप जोराले १८ र विवेक यादवले दुई रनको योगदान दिए।

लुम्बिनीका आशुतोष घिरैया र उन्मुक्त चन्द शून्य रनमा आउट भएका थिए। यो खेलमा लुम्बिनीले अतिरिक्त १० रन प्राप्त गरेको थियो। पोखराका लागि विपिन खत्रीले दुई र म्याट क्रिचलेले एक विकेट हात पारेका थिए। एनपिएलमा लुम्बिनीको यो दोस्रो हार हो। यस अघि लुम्बिनी विराटनगर किङ्ग्ससँग दुई विकेटले पराजित भएको थियो।

## १०औं राष्ट्रिय खेलकूद चैत २३ देखि कर्णालीमा

काठमाडौं, २१ मङ्सिर/रासस

१०औं राष्ट्रिय खेलकूद आगामी चैत २३ देखि ३० गतेसम्म कर्णाली प्रदेशमा हुने भएको छ। राष्ट्रिय खेलकूद परिषद् (राखेप)का अध्यक्ष एवं युवा तथा खेलकूद मन्त्री तेजुलाल चौधरीको अध्यक्षतामा शुक्रवार बसेको ११८औं बोर्ड बैठकले उक्त निर्णय गरेको राखेपका सदस्य–सचिव टङ्कलाल घिसिङले जानकारी दिए।

यस अघि राखेपले १०औं राष्ट्रिय खेलकूद गत मङ्सिर २ देखि ९ गतेसम्म कर्णाली प्रदेशमैं गर्नेगरी प्रस्ताव गर्ने निर्णय गरेको थियो। गण्डकी प्रदेशमा भएको नवौं राष्ट्रिय खेलकूदको समापनका दिन २०७९ कात्तिक २ गते बसेको राखेपको ११५औं बोर्ड बैठकले उक्त मितिमा १०औं राष्ट्रिय खेलकूद कर्णालीमा गर्नेगरी प्रस्ताव गर्ने निर्णय गरेको पनि उनले जानकारी दिए।

# विवाह महोत्सवमा निश्शुल्क स्वास्थ्य शिविर

नितेश कर्ण, जनकपुर, २१ मङ्सिर/

त्रेतायुगमा मिथिला नरेश राजा जनककी सुपुत्री सीता र अयोध्या नरेश दशरथका पुत्र भगवान् रामको विवाहको सम्झनामा प्रत्येक वर्ष विवाहपञ्चमी महोत्सव जनकपुरधाममा भव्यरूपमा मनाइने गरिन्छ। यस अवसरमा अयोध्याबाट जन्ती जनकपुरधाम आउने परम्परा छ।

सो अवसरमा नेपाल–भारत खुला सीमा संवाद समूह र क्लथ बैंक धनुषा नेपालले संयुक्तरूपमा निश्शुल्क यात्री विश्राम, स्वास्थ्य शिविर, पिउने पानीको व्यवस्था र यात्री सहायता परामर्श केन्द्र स्थापना गरेका छन्। शिविरमा बिहीवारसम्म अढाई हजारभन्दा बढीले स्वास्थ्य सेवा लिएको संस्थाका अध्यक्ष डा राजीव झाले बताए। नेपाल–भारत खुला सीमाका कारण भारतको बिहार, उत्तर प्रदेश र पश्चिम बङ्गालबाट लाखौंको सङ्ख्यामा भक्तजनहरू रामजानकीको विवाह हेर्न आउने गरेका छन्।

शिविर बिहान ७ देखि बेलुकी ७ बजेसम्म सञ्चालन गरिएको र त्यसपछि यात्री विश्रामस्थलमा परिवर्तन गर्दै आएको छ। शिविरमा डा अजय मिश्र, डा उदय झा, सिअहेब दिलीप मिश्र, उज्ज्वल झा, शशी सिंह र सोनु यादवलगायतका स्वास्थ्यकर्मीहरूले निश्शुल्क सेवा प्रदान गरिरहेका छन्।

जसपा नेता एवं प्रदेशसभा सदस्य मनीष सुमन, जिसस प्रमुख रामनन्दन मण्डलले संस्थाको प्रयासको प्रशंसा गर्दै समाजसेवाको यो पहललाई प्रेरणादायी बताए।

शिविरमा नेपाल–भारत खुला सीमा संवाद समूहका उपाध्यक्ष शैलेन्द्र झा, धनेश्वर ठाकुर, मनीष ठाकुर, कृष्णकुमार साह र क्लथ बैंकका उपाध्यक्ष पुरन साह, सचिव मनीष श्रीओम, कार्यक्रम संयोजक रञ्जीत झा, खुश्बु साह, नन्दकुमार झालगायतको सहभागिता थियो।